APP
ASIAN PREPAREDNESS PARTNERSHIP

# सहभागी हाते-पुस्तिका

# व्यवसाय निरन्तरता व्यवस्थापन

USAID
FROM THE AMERICAN PEOPLE

BILL & MELINDA GATES foundation

adpc

विषय सूची

व्यवसाय निरन्तरता व्यवस्थापन (Business Continuity Management (BCM)) प्रशिक्षक प्रशिक्षण (ToT) पाठश्रृङ्खला........................................१

१.विपद् जोखिम व्यवस्थापनको सार संक्षेप........................................२

२.साना तथा मझौला उद्यमका लागि व्यवसाय निरन्तरता व्यवस्थापनका मुख्य चरणहरू........................................९

२.१ व्यवसाय निरन्तरता व्यवस्थापनको पृष्ठभूमि........................................१०

२.२ व्यवसाय निरन्तरता व्यवस्थापन (BCM) का चरणहरू........................................११

चरण १. व्यवसाय निरन्तरता व्यवस्थापनको पृष्ठभूमि र फ्रेमवर्क........................................१३

चरण २ व्यवसाय प्रभाव विश्लेषण (व्यवसाय विश्लेषण भाग १)........................................१५

चरण २. व्यवसाय प्रभाव विश्लेषण) व्यवसाय विश्लेषण भाग २( ........................................१८

चरण ३. व्यवसाय निरन्तरता रणनीति (BCS) ........................................२१

चरण ४. अभ्यास र समीक्षा, योजना-कार्यान्वयन-समीक्षा-कार्य (PDCA) चक्र........................................२८

# व्यवसाय निरन्तरता व्यवस्थापन (Business Continuity Management (BCM)) प्रशिक्षक प्रशिक्षण (ToT) पाठश्रृङ्खला

व्यवसाय निरन्तरता व्यवस्थापन **(BCM)** प्राकृतिक वा मानवसिर्जीत प्रकोपहरूबाट व्यवसायमा हुने कुनैपनि अवरुद्धताको लागि तयारी हुन, प्रतिकार्य गर्न तथा पुनर्लाभिका लागी अपनाइने सहज र उपयुक्त अवधारणा तथा विधिको रूपमा प्रचलित भएको पाइन्छ।

यो **BCM** प्रशिक्षक प्रशिक्षणको प्रारूप व्यवसायिक उत्थानशीलता विकास गर्नका लागि गरिएका समग्र प्रयासको एउटा अंशको रूपमा व्यवसाय निरन्तरता व्यवस्थापन **(BCM)** का मुख्य मुख्य प्रक्रिया र फाइदाबारे ज्ञान तथा सचेतना प्रवर्द्धन गर्न तयार पारिएको हो।

यस प्रशिक्षणको प्रमुख उद्देश्य व्यवसाय निरन्तर योजना **(BCP)** विकासका विभिन्न चरणवद्ध अवधारणाहरू सम्बन्धी आधारभूत ज्ञान र सीपहरू प्रदान गरी प्रशिक्षण पश्चात सहभागीहरूले साना र मझौला उद्यमीहरूका (SME) लागि प्रभावकारी रूपमा व्यवसाय निरन्तरता व्यवस्थापन **(BCM)** सम्बन्धी तालिम सञ्चालन गरी उनीहरूको मूल्यश्रृंखला **(Value Chain)** र व्यावसायिक सामाजिक जिम्मेवारी **(Corporate Social Responsibility(CSR))** तथा सुरक्षित व्यावसायिक वातावरणलाई दिगोपना प्रदान गर्न योगदान पुग्ने छ।

यस प्रशिक्षण पुस्तिकाले व्यवसाय निरन्तरता व्यवस्थापन **(BCM)** का आधारभूत अवधारणा, सैद्धान्तिक मोड्युलहरू र विपद जोखिम व्यवस्थापन **(DRM)** र व्यवसाय निरन्तरता व्यवस्थापन **(BCM)** को शब्दावलीको सार संक्षेपका साथै नेपालमा साना, मझौला र ठूला उद्यमीहरूका व्यवसाय निरन्तरता व्यवस्थापनलाई संस्थागत रूप प्रदान गर्न मार्गदर्शन प्रदान गर्दछ। यस प्रशिक्षण पुस्तिकाले कार्यशालामा प्रयोग गरिएका प्रस्तुतीकरणहरू र स्रोत सामाग्रीहरूको पूरकको रूपमा काम गर्दछ।

# १. विपद् जोखिम व्यवस्थापनको सार संक्षेप

## सिकाइको उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू विपद् जोखिम व्यवस्थापनका निम्न अन्तर सवालहरूमा सक्षम हुनेछन्

- विपद् जोखिम व्यवस्थापन अवधारणाको विकासको क्रम बताउन
- विपद् व्यवस्थापन **(DM)**, विपद् जोखिम न्युनीकरण **(DRR),** र विपद् जोखिम व्यवस्थापन **(DRM)**, बीचका भिन्नता छुट्याउन
- विपद् जोखिम व्यवस्थापन कार्यढांचा बारेमा छलफल गर्न
- विपद् जोखिम न्युनीकरणको लागि सेन्डाइ (**Sendai**) कार्यढांचाको प्रारूप बताउन

## परिचय

यस सत्रले, १९७० को दशकमा संयुक्त राष्ट्र संघ/प्राकृतिक प्रकोप न्यूनीकरण लागि अन्तर्राष्ट्रिय दशक **(UN /IDNDR)** को पहलमा प्रारम्भ भएको विपद् व्यवस्थापन चक्रदेखि हाल प्रचलनमा रहेको विपद् जोखिम न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन कार्यढांचामा भएको दृष्टान्त परिवर्तनलाई स्पष्ट पार्ने प्रयास गर्दछ।

## प्राकृतिक विपद् न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दशक (IDNDR)

१९९० को दशक भन्दा पहिले, विपद् व्यवस्थापन अवधारणा गत रूपमा केन्द्रित थियो। संयुक्त राष्ट्र संघको महासभाले सन् १९९० को दशकलाई प्राकृतिक विपद् न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दशक **(UN /IDNDR)** को रूपमा घोषणा गर्दै प्रतिकार्य र राहतमुखी अवधारणामा परिवर्तन गरी पूर्वतयारी र अल्पीकरण मार्फत सक्रिय विपद् जोखिम न्यूनीकरण गर्न निर्देशित गरेको थियो।

## विपद् जोखिम न्यूनीकरण लागि अन्तर्राष्ट्रिय रणनीति (ISDR)

विपद् जोखिम न्यूनीकरण लागि अन्तर्राष्ट्रिय रणनीति **(ISDR)** डिसेम्बर १९९९ मा संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय विपद् न्यूनीकरण रणनीतिको तयारी स्वरूप स्थापित सचिवालय हो। यो अन्तर्राष्ट्रिय प्राकृतिक विपद् न्यूनीकरण दशकको सचिवालयको परिवर्तित स्वरूप हो जुन विपद् न्यूनीकरण लागि अन्तर्राष्ट्रिय रणनीति (महासभाको प्रस्ताव ५४/२१९) को कार्यान्वयन सुनिश्चित गर्ने उद्देश्यले बनाइएको हो।

विपद् जोखिम न्यूनीकरण लागि अन्तर्राष्ट्रिय रणनीति **(ISDR)** साझेदारीमा आधारित प्रणाली हो। यस अनुरूप विपद् न्यूनीकरण अन्तर्राष्ट्रिय रणनीति सुनिश्चिताका लागी सरकारहरू, संयुक्त राष्ट्र संघीय प्रणाली, क्षेत्रीय निकायहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, गैर-सरकारी संस्थाहरूसंग साझेदारी गर्ने गरेको छ। विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय रणनीति **(ISDR)** को साझेदारी उद्देश्य भनेको विपद्को जोखिम कम गर्नका लागी विश्वव्यापी जोखिम न्यूनीकरणको आन्दोलनलाई प्रवर्द्धन तथा समर्थन गर्नु हो।

## ह्योगो (Hyogo) फ्रेमवर्क कार्य HFA २००५-२०१५

डिसेम्बर २००४को विनाशकारी एसियाली सुनामी पछि, जनवरी २००५ मा ह्योगो **(Hyogo)** क्षेत्र, कोबे, जापानमा आयोजित विपद् न्यूनीकरण विश्व सम्मेलन बाट, २००५ देखि २०१५ सम्मका लागी विपद् जोखिम न्यूनीकरण कार्य का लागी ह्योगो कार्य ढाँचा **(Hyogo Framework for Action (HFA))** तयार गरियो। यसका पाँच प्राथमिकता क्षेत्रहरू छन्।


१. विपद् जोखिम न्यूनीकरण (DRR) राष्ट्रिय तथा स्थानीय प्राथमिक कार्यको रूपमा र यसका लागी सबल संस्थागत आधार सुनिश्चित गर्ने।
२. विपद् जोखिमहरू पहिचान, आंकलन तथा अनुगमन गर्ने र पूर्वसूचना तथा चेतावनी प्रणालीलाई सुदृढ गर्ने।
३. सबै तहहरूमा सुरक्षित र उत्थानशिल संस्कृतिको विकास गर्न ज्ञान, नव प्रवर्तन तथा शिक्षा प्रयोग गर्ने

४. अन्तर्निहित जोखिमका कारक तत्वहरू कम गर्ने।

५. सबै तहमा प्रभावकारी प्रतिकार्यको लागि विपद् पूर्वतयारीलाई सबल बनाउने।

विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय रणनीति **(ISDR)** भित्र ह्योगो कार्य ढाँचाका तीन वटा रणनीतिक लक्ष्यहरू छन्:

- दिगो विकास नीति तथा योजनाहरूमा विपद् जोखिम न्युनिकरणलाई एकीकृत गर्दै लैजाने।
- विपद् उत्थानशिलता निर्माण गर्न संस्था, संयन्त्र र क्षमताहरूको विकास र सुदृढीकरण गर्दै लैजाने।
- आपत्कालिन तयारी, प्रतिकार्य, र पुन:लाभ कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरण अवधारणालाई समावेश गर्दै लैजाने।




*चित्र1 विपद् जोखिम न्युनिकरणको* (ISDR) *फ्रेमवर्क*

ह्योगो कार्यढाँचा **(HFA)** कार्यान्वयनको क्रममा, विपद् जोखिम व्यवस्थापन **(DRM)** को अवधारणा भित्र रोकथाम, न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यका अवधारणाहरूको व्यवस्थापकीय परिप्रेक्षमा जोड्ने क्रमको विकास भएको छ।[1] तदनुसार, विपद् जोखिम व्यवस्थापन शब्दलाई **(DRM)**, जोखिम, विपद् तथा आपत्कालिन सहितको व्यवस्थापन सम्बन्धी कानुनी, संस्थागत र नीतिगत रूपरेखा र प्रशासनिक संयन्त्रहरूमा प्रयोग गरिन्छ। विपद् जोखिम न्यूनीकरण **(DRR)** शब्द, दिगो विकासमा प्रकोपहरूको प्रतिकूल प्रभावहरूलाई रोकथाम, अल्पीकरण वा पूर्वतयारीमा निश्चीत रूपमा लक्षित कार्यक्रम र अभ्यासहरूलाई बुझाउन प्रयोग गरिन्छ।

## विपद् व्यवस्थापन (DM) चक्रदेखि विपद् जोखिम न्यूनीकरण (DRM) चक्रसम्म

विपद् व्यवस्थापन चक्र सन् १९७० (निल,१९९७[2], लुइस,२००७[3]) देखि विपद्का घटना र तिनका असरहरूको व्यवस्थापन गर्न महत्वपूर्ण संयन्त्र बनेको छ।


**विपद् व्यवस्थापन**लाई हाल संकट व्यवस्थापनको चरण मानिन्छ भने विपद् जोखिम व्यवस्थापनलाई विपद् पूर्व, भइरहेको र पश्चातका चरणहरूलाई समग्रतामा समावेश गरिएका जोखिम न्युनिकरणका गतिविधिहरूलाइ

[1] Disaster risk management systems analysis- A guide book, FAO, 2008.
[2] Neal, D.M., (1997). 'Reconsidering the phases of disaster' International Journal of Mass Emergencies and Disasters 15(2), 239–264.
[3] Lewis, J., (2007). Disaster management cycle vs disaster management rut. Radix Digest 69(2), viewed 7 February 2012, from: http://www.ecie.org/pipermail/radix/2007-November/000257

मानिन्छ। खान एन्ड खान (२००८)[4] ले विपद् जोखिम न्यूनीकरण (DRM) चक्रलाई तिन फराकिलो वर्गमा विभाजन गरिएको छ, जसलाई विपद् पछिको प्रतिकार्य चरण, विपद् पछिको पुनर्लाभिको चरण तथा विपद् पूर्व अल्पीकरण र पूर्वतयारी चरणमा विभाजन गरिएको छ।

## विपद् जोखिम व्यवस्थापन

विपद् जोखिम व्यवस्थापन भनेको जोखिम पहिचान, विश्लेषण, मूल्याङ्कन, सम्बोधन र अनुगमन गर्ने कार्यहरूमा व्यवस्थापन




चित्र २ विपद व्यवस्थापन चक्रका तीन चरणहरू

नीतिहरू, प्रक्रियाहरू र अभ्यासहरूको व्यवस्थित प्रयोग हो। यो प्रक्रियामा, प्रकोप विश्लेषण, सङ्कटासन्न विश्लेषण, जोखिम विश्लेषण र जोखिम न्यूनीकरण कार्यका लागि क्षेत्रहरूको अनुमान र प्राथमिकता समावेश गर्दछ।


यसमा परिचित वा सम्भावित प्रकोपहरू र निश्चित समुदाय वा वातावरणमा ती प्रकोपहरूको प्रभावहरू बुझ्नका लागी सान्दर्भिक सबै तत्वहरूको मूल्याङ्कन समावेश हुन्छ। यी मूल्याङ्कनलाई सामाजिक आर्थिक र राजनीतिक विश्लेषणहरूमा समावेश गरिदा यसले उपयुक्त सङ्कटासन्नता न्यूनीकरण, रोकथाम र अल्पीकरणका साथै पूर्वतयारी र प्रतिकार्यका रणनीतिहरू निर्धारण गर्न सहज बनाउँछ। **www.torgaid.com** (२०११) अनुसार विपद् जोखिम व्यवस्थापन चक्र **(DRMC)** अवस्था वा चरणहरूको निरन्तरता हो जसमा निम्न मुलत तिन चरण रहेका छन्,

- जोखिम न्यूनीकरण चरण
- आपत्कालिन प्रतिकार्य
- विपद् पछिका चरण

तलको चित्र ३ मा यि तिन चरणलाई निरन्तरताको रुपमा चित्रण गरिएको छ।

जोखिम व्यवस्थापन भनेको जोखिमहरूको आँकलन र त्यसमा आधारित निर्णयहरू कार्यान्वयन गर्ने संरचित र व्यवस्थित प्रक्रियाहरू हो।

[4] Khan, H. & Khan, A. (2008). Natural hazards and disaster management in Pakistan. Munich Personal RePEc Archive. Pp 16





चित्र ४ विपद् जोखिम व्यवस्थापन चक्र / निरन्तरता

चित्र ४ अनुसार विपद् जोखिम न्यूनीकरण **(DRR)** अभ्यासमा ५ पूरक क्षेत्रहरू रहेका छन् जुन तल दिइएका छन्,

- सुरक्षा र सुशासन
- गरिबी न्यूनीकरणमा विशेष जोड सहितको आर्थिक तथा सामाजिक विकास
- खाध्य तथा पानी सुरक्षा
- वातावरणीय दिगोपन र जलवायु परिवर्तन अनुकूलन (CCA)
- बृहत विपद् जोखिम व्यवस्थापनका (DRM) पहलहरू

प्रभावकारी विपद् जोखिम न्यूनीकरण (**DRR**) का लागी निम्न दसवटा विपद् जोखिम व्यवस्थापन (**DRM**) का प्रथमिकता क्षेत्रहरूमा पहल महत्त्वपूर्ण हुन्छन्। यी सबै क्षेत्र वा सवालहरूलाई विपद् जोखिम व्यवस्थापन चक्र **(DRMC)** को सामान्य जोखिम/न्यूनीकरण चरणमा वा सम्भावित विपद्को सामना गर्नु अघि निश्चित रूपमा सम्बोधन गरिनु पर्छः

- वकालत, नीति र ऐन कानुन
- विपद् जोखिम न्यूनीकरण (DRR) सहितको विपद् जोखिम व्यवस्थापन (DRM) कोष वा लगानी
- संगठनात्मक संरचना, समन्वय संयन्त्र, व्यवस्थापन, र नेतृत्व
- जोखिम व्यवस्थापन प्रक्रिया
- सबै तहमा विपद् जोखिम व्यवस्थापन (DRM) योजना
- क्षमता अभिबृध्दी तथा तालिम
- अनुसन्धान र सूचना व्यवस्थापन
- प्रारम्भिक चेतावनी प्रणाली र सम्भावित सुरक्षित निकासी
- जनचेतना र शिक्षा
- विपद् जोखिम व्यवस्थापन(DRM)/ विपद् जोखिम न्यूनीकरण (DRR) अनुगमन तथा मूल्याङ्कन (M&E)




चित्र ४: प्रभावकारी विपद् जोखिम न्यूनीकरण (DRR) रेखाचित्र

चित्र ५ मा अस्ट्रेलियाली विकास गेटवेले यी गतिविधिहरूलाई चक्रको रूपमा प्रस्तुत गरेको छ। यस कार्यढांचामा समुदायको समावेशीता प्रतिबिम्बित भएको छैन भनिएर टिप्पणी गरिएको छ।




चित्र ५: विस्तृत विपद् व्यवस्थापन चक्र

स्रोतअस्ट्रेलियन विकास गेटवे :


## संकटासन्नता मूख्य कारक तत्वहरू - दबाब र छुटकारा मोडेल (PAR-Model)

**Blaikie et al** (१९९४)[5] अनुसार, विपद्हरू कुनै न कुनै कारणबाट उत्पन्न हुन्छन्। कुनैपनि समाजको सांस्कृतिक संरचनामा ऐतिहासिक र संरचनागत रूपमा ती कारणहरू सम्मिलित हुन्छन्। **PAR-** मोडेलमा समावेश भएका कारक तत्वहरूमा राजनीतिक र आर्थिक प्रणालीलाई कायम राख्ने शक्ति संरचना, स्रोत साधन र विचारधाराहरूमा सीमित वा न्यून पहुँच हुन्। **Blaikie et al** (१९९४) ले संकटासन्नता र विपद्हरूको उत्पत्तिको खोजमा महत्त्वपूर्ण कुरा, संकटासन्नताको प्रगतिशील

[5] Blakie, P., Cannon, T., Davis, I. And Wisner, B. (1994) *At Risk: natural hazards, people's vulnerability and disasters*, Routledge, London


तीन चरणहरू मध्ये प्रत्येकलाई निश्चित बुँदाहरू र सवालहरूमा विभाजन गरी अध्ययन गर्नु हो।

तिनिहरू जोड दिन्छन्, कि यी सवालहरूलाई पनि प्रयोगात्माक विपद् अभ्यासहरूको सन्दर्भमा सम्बोधन गर्नु पर्दछ, किन कि दबाब पछि "छुटकारा" को अवधारणात्मक रूप **PAR-model** मा समावेश गरिएको छ। यस मोडलको सहयोगले प्रयोगात्माक व्यवसायीले कुन कारक तत्वहरूले विपद्लाई बढाउँछ, र ती कारक तत्वहरूलाई विपद् न्यूनीकरण गर्नको लागि लक्षित गर्दछ भनि स्पष्ट पार्न सक्छ, (**Blaikie et al. 1994:7:8**)।




चित्र ६ *PAR* मोडेल

**Tearfund U.K (**२००५( ले यस मोडेललाई एकीकृत विपद् व्यवस्थापनमा थप विस्तार गरेको छ। तिनिहरूको स्व-व्याख्यात्मक रेखाचित्र प्रतिनिधित्व चित्र ७ मा प्रस्तुत गरिएको छ।



चित्र ७. PAR मोडेल र एकीकृत विपद् व्यवस्थापन




**चित्र ७. PAR मोडेल र एकीकृत विपद् व्यवस्थापन**[6]

## सेन्डाई (Sendai) कार्यढाँचा २०१५-२०३०

### विपद् जोखिम न्यूनीकरणको लागि मार्च २०१५ मा सहमत भएको HFA पश्चात (Post-HFA) कार्य ढाँचा

यसका सात विश्वव्यापी लक्ष्यहरू निम्न अनुसार छन्:

१. २०३० सम्ममा विश्वव्यापी विपद्बाट हुने मृत्युदरलाई पर्याप्त मात्रामा घटाउने। २००५-२०१५ को तुलनामा, २०२०-२०३० बीचमा औसत प्रति १०००००, विश्वव्यापी मृत्युदर कम गर्ने लक्ष्य राखेको छ।
२. २०३० सम्ममा विश्वव्यापी विपद् मृत्युदरलाई उल्लेखनीय मात्रामा घटाउने। २००५-२०१५ को तुलनामा, २०२०-२०३० बीचमा औसत प्रति १०००००, विश्वव्यापी मृत्युदर कम गर्ने लक्ष्य राखेको छ।
३. २०३० सम्म विश्वव्यापी कुल गार्हस्थ्य उत्पादन (GDP) को सम्बन्धमा विपद् बाट हुने प्रत्यक्ष आर्थिक क्षतिलाई कम गर्ने।
४. २०३० सम्म उत्थानशील विकास मार्फत ,विपद्का कारण महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरू अवरुद्ध र त्यस भित्र पनि स्वास्थ्य र शैक्षिक सुविधाहरूमा पुग्ने क्षतिलाई उल्लेखनीय रूपमा घटाउने।
५. सन् २०२० सम्ममा राष्ट्रिय र स्थानीय प्रकोप जोखिम न्यूनीकरण रणनीति भएका देशहरूको संख्यामा उल्लेखनीय वृद्धि गर्ने।
६. २०३० सम्ममा विकासोन्मुख देशहरूमा राष्ट्रिय कार्यहरू पूरा गर्न यस ढाँचाको कार्यान्वयनका लागि पर्याप्त र दिगो अन्तर्राष्ट्रिय सहयोगलाई पर्याप्त रूपमा वृद्धि गर्ने।
७. नागरिकका लागि बहु जोखिम-पूर्वसूचना/चेतावनी प्रणाली र विपद् जोखिम जानकारी र लेखाजोखाहरूको उपलब्धता र पहुँचमा पर्याप्त वृद्धि गर्ने।

## चार प्राथमिकताका कार्यहरू

१. विपद् जोखिम बुझाइ
२. विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासकीय विधिलाई सुदृढ गर्ने
३. उत्थानशिलता विकासको लागि विपद् जोखिम न्यूनीकरण मा लगानी गर्ने
४. प्रभावकारी प्रतिकार्य सुदृढीकरणको लागि विपद् पूर्व-तयारी सुदृढ गर्ने, र "अझ राम्रो झन् बलियो "**“Build Back Better”** अनुरूप पुनःलाभ, पुनर्स्थापना र पुनर्निर्माण गर्ने।

---

[6] Tearfund U.K. (2005). The UN World Conference on Disaster Reduction 18-22 January 2005, Kobe, Hyogo, Japan

## २. साना तथा मझौला उद्यमका लागि व्यवसाय निरन्तरता व्यवस्थापनका मुख्य चरणहरू

व्यवसाय निरन्तरता व्यवस्थापन (**BCM**) एउटा अवधारणा हो, जसको मद्दतबाट रणनीतिक रूपमा उद्यमीहरूले विपद्को लागि राम्रोसँग पूर्वतयारी गर्न र व्यवसायीक अवरुद्धताका अवस्थामा पनि व्यवसाय सञ्चालन कायम राख्न सकिन्छ। यस तालिमका सत्रहरूले मुख्यतः शब्दावली, उद्देश्य, दायरा, व्यवसाय निरन्तरता व्यवस्थापन (**BCM)** को लागि टोली सहित, व्यवसाय निरन्तरता व्यवस्थापन (**BCM)** को सिद्धान्तहरूसँग परिचित गराउने छ। व्यवसाय निरन्तरता व्यवस्थापन **(BCM)** को मुख्य चरणहरूमा व्यवसाय प्रभाव विश्लेषण, जोखिम लेखाजोखा, व्यवसाय निरन्तरता रणनीतिहरूको निर्माणका साथै व्यवसाय निरन्तरता योजना (**BCP**) को लागि परीक्षण, अभ्यासहरू र योजना-कार्यान्वयन-समीक्षा-कार्य चक्र (**Plan-Do-Check-Action (PDCA) Cycle)** अनुसार **BCP** को समीक्षा र सुधारका लागि अवधारणाहरू समावेश छन्। व्यवसाय निरन्तरता व्यवस्थापन (**BCM**) ले प्रकृयागत रूपमा प्राकृतिक विपद्, प्राविधिक विफलता, मानव सिर्जित विपद् वा आतंकवाद जस्ता प्रतिकूल घटनाहरूको सामना गर्दा सेवाग्राहीहरूलाई निरन्तर सेवासहित सञ्चालनको निरन्तरता वा पुनर्लाभ सुनिश्चित गर्दछ।

व्यवसाय निरन्तरता व्यवस्थापन (BCM) को उद्देश्य भनेको मानिसहरूको जीवनको रक्षा गर्नु, सुरक्षा सुनिश्चित गर्नु र कर्मचारीहरूको स्वास्थ्य र रोजगार सुरक्षा, व्यवसायमा वित्तीय हानी कम गर्नु, सेवाग्राहीहरूको सेवा निरन्तरता र व्यवसायको रणनीतिक योजना, प्रतिष्ठान सञ्चालन, तरलता, ऋणयोग्य- अवस्था, बजार स्थिति, र प्रचलित कानुन र नियमहरूको भित्र रहनसक्ने क्षमतामा पर्नसक्ने नकारात्मक प्रभावहरूलाई कम गर्नु हो। व्यवसाय निरन्तरता व्यवस्थापन (BCM) ले बीमा शुल्क (प्रिमियम) छुट वा कम ब्याजदर ऋणहरूमा पहुँच प्राप्त गरी व्यवसायलाई सक्षम तथा आर्थिक लाभहरू पनि उपलब्ध गराउँछ। यसले व्यवसायिक सामाजिक उत्तरदायित्व (**Corporate Social Responsibility (CSR))** अनुरूप कर्मचारी सुरक्षा सुनिश्चित गर्न साथै सेवाग्राहीहरूलाई उत्पादन तथा सेवा निरन्तरतामा सुनिश्चितता गर्न मद्दत गर्दछ।

यसबाहेक, व्यवसाय निरन्तरता व्यवस्थापन (**BCM**) को तत्कालीन उपादेयता भनेको व्यवसायीक विवरणहरू प्रतिको सचेतना, जस मार्फत व्यवसाय बिस्तार गर्न उपयोगी मार्गनिर्देशित वा सहयोग गर्न सक्छ। व्यवसाय निरन्तरता व्यवस्थापनले साना तथा ठूला प्रकारका अवरोधहरू सामना गर्न व्यवसायलाई सुदृढ बनाउन सक्छ। बिसिएम मार्फत सबै उद्यमीहरूले आफ्नो व्यवसायलाई गम्भीर तथा संवेदनशीलता पूर्वक लिएको दृष्टान्त दिन्छ।

### व्यवसाय निरन्तरता व्यवस्थापन

- जनजीवनको सुरक्षा (कर्मचारी, ग्राहक, आगन्तुक)
- कर्मचारीको सुरक्षा, स्वास्थ्य र रोजगारीको सुरक्षा
- वित्तीय घाटा कम गर्ने (राजस्व, पुनःलाभ लागत)
- व्यवसायको विश्वसनीयता प्रति ग्राहकहरूको आत्माविश्वास
- व्यवसायको सम्मान वा प्रतिष्ठाको संरक्षण
- प्रतिस्पर्धात्मक फाइदा कानूनी र नियामक अनुसरण
- अनुबन्धको अनुसरण
- वित्तीय लाभहरू जस्तै बीमा प्रिमियम छुट तथा कम ब्याज दरमा ऋण
- व्यवसायीक सामाजिक उत्तरदायित्व (**CSR**)
- ब्यवसायको प्रतिको राम्रो बुझाइ

उचित तवरबाट व्यवसायको विपद् पूर्वतयारीको लेखाजोखा र प्रमाणीकरण गर्ने हो भने व्यवसाय निरन्तरता योजना (**BCP**) भित्र व्यवसाय निरन्तरता योजना व्यवस्थापनको प्रभावकारिताका लागी प्रणाली, नेतृत्व र क्षमता सही अवस्थामा भए नभएको जाँच परीक्षण सहित अभ्यास गरिनु पर्छ।

## २.१ व्यवसाय निरन्तरता व्यवस्थापनको पृष्ठभूमि

### व्यवसाय निरन्तरता व्यवस्थापनको छोटो इतिहास

बिसिएम व्यवसाय निरन्तरता योजनाबाट उत्पन्न भएको अवधारणा हो र जसको मूल जरा विपद् पुनःलाभ योजनामा छ, जुन १९५० र १९६०का दशक तिर संस्थाहरू भित्र उदय हुन थाल्यो।

### व्यवसाय निरन्तरता व्यवस्थापन विकासक्रमका कोसेढुङ्गाहरू

| वर्ष | कोसेढुङ्गा |
|---|---|
| सन् १९५०-१९६० | लाखौं डलर सामान्यतया मेनफ्रेम कम्प्युटर प्रणालीहरूमा लगानी गरिएको थियो भन्ने कुरालाई ध्यानमा राख्दै, धेरै कम्पनीहरूले आफ्ना यन्त्र तथा उपकरणहरू क्षतिग्रस्त वा नष्ट भएमा नोक्सानको जोखिमको बारेमा सचेत भएर यसको पुनर्लाभका लागी विपद् पुनर्लाभ योजनाको उदयलाई जन्म दियो। |
| सन् १९७० | मेनफ्रेम कम्प्यूटर युगको उचाईमा, यो महसुस भयो कि मेनफ्रेम कम्प्युटर प्रणालीहरूमा भएको ठूलो लगानीलाई सम्भावित हानी नोक्सानीहरूबाट बचाउन मात्र नभई पुनर्लाभ, प्रणाली र डाटालाइ क्षति पूर्वको अवस्थामा पुनर्स्थापना गर्ने प्रक्रिया र योजनाहरूको पनि विकास गर्न आवश्यक रहेछ। |
| सन् १९८० | व्यवसाय निरन्तरता योजना भ्रूण अवस्थामा रहदा, यस विषय माथी केही पुस्तक र प्राविधिक लेखहरू मात्र लेखिएका थिए। |
| सन् १९८८ | विपद् पुनःलाभ प्रति व्यावसायिक मान्यता प्रदान गर्ने क्रममा, पहिला डिजास्टर रिकभरी संस्थाबाट सुरुवात भएको थियो। उक्त संस्था हाल **DRI International** को नामबाट परिचित छ। |
| सन् १९९० | सम्पूर्ण डाटा केन्द्रहरू मात्र नभई उद्यमहरूको पनि सुरक्षात्मक पक्षहरूको लागी आवश्यकता भनेको, विपद् पुनर्लाभ मात्र हो भन्नेमा स्पष्ट भए। यो क्रमिक परिवर्तनलाई समग्ररूपमा व्यवसायीकी ध्यान प्रतिबिम्बित गर्न, यसलाई ब्यवसाय निरन्तरताको रूपमा परिचित गरियो। |
| सन् १९९४ | संयुक्त अधिराज्यमा एक नयाँ मान्यता समूहको ब्यवसाय निरन्तरता संस्थान (BCI) को स्थापना भएको थियो। ब्यवसाय निरन्तरता, संस्थानको ब्यवसाय निरन्तरतामा आधारित व्यावसायिकीको लागि एक विश्वव्यापी सदस्यता संस्था हो। यसको मूल उद्देश्य भनेको ब्यवसाय निरन्तरताको कला र विज्ञानलाई विश्वव्यापी रूपमा प्रवर्द्धन गर्नु हो। |
| सन् २००१ | सेप्टेम्बर ११, २००१ मा न्यूयोर्कको विश्व व्यापार केन्द्रमा भएको आक्रमणले व्यवसाय निरन्तरता व्यवस्थापन र विपद् पुनर्लाभको संवेदनशीलतामा ध्यान केन्द्रित गरेको थियो। |
| सन् २०११ | पूर्वी जापानको विनाशकारी भूकम्प र सुनामी पछि एशिया प्रशान्त आर्थिक सहयोग (AEPC) को लागि निजी क्षेत्रमा आपतकालीन पूर्वतयारी प्राथमिकताको मुद्दा बनेको थियो। तत्पश्चात् **APEC** को अर्थ व्यवस्थाहरूमा ब्यवसाय निरन्तरता योजना (**BCP**) प्रवर्धनको सुरुवात भयो। |
| सन् २०१२ | मानकीकरणका लागि अन्तर्राष्ट्रिय संस्था (**ISO**) ले ISO 22301:2012 ब्यवसाय निरन्तरता व्यवस्थापन प्रणाली (**BCM Systems**) जारी गरेको छ। |

व्यवसाय निरन्तरता व्यवस्थापन आफ्नो सीमित इतिहास सहित एक मूल चौबाटोमा अवस्थित छ। व्यवसाय निरन्तरता व्यवस्थापनका मापदण्ड र व्यावसायिक अभ्यासहरू, व्यावसायिक मान्यता र स्वीकृति मार्फत निरन्तर रूपमा आफैलाई परिभाषित गरिराखेको छ र यसको भूमिका जोखिम व्यवस्थापन र व्यवसायिक सुशासनका क्षेत्रमा छ।

### ब्यवसाय निरन्तरता अवधारणा र शब्दावली

सरलता र एकरूपताको लागि, हामी मानकीकरणका लागि अन्तर्राष्ट्रिय संस्था (**ISO**) ले **ISO 22301:2012** ब्यवसाय निरन्तरता व्यवस्थापन प्रणाली (**BCM Systems**) द्वारा प्रदान गरिएका परिभाषाहरू अपनाउने छौं।

| शब्दावली | परिभाषा |
|---|---|
| **व्यवसाय निरन्तरता** | अवरूद्धकारी घटनापछि पूर्वनिर्धारित अवस्थामा व्यवसाय, सेवा तथा उत्पादनहरू सुचारु राख्ने संगठनात्मक क्षमता |
| व्यवसाय निरन्तरता व्यवस्थापन प्रणाली (BCM Systems) | समग्र व्यवस्थापकीय प्रक्रिया जसले संस्था प्रतिको सम्भावित जोखिमहरू पहिचान गर्दछ र ती खतराहरूले व्यवसाय सञ्चालनमा प्रभाव पार्छ र जसको कारणले व्यवसायीक सरोकारवालाहरूको हित प्रतिष्ठा र नाम रक्षा गर्न र प्रभावकारी प्रतिकार्यको क्षमताको सहित संगठनात्मक उत्थानशिलता निर्माणको लागि ढाँचा प्रदान गर्दछ। |
| व्यवसाय निरन्तरता योजना (BCP) | विपद् पश्चात पूर्वनिर्धारित अवस्थामा व्यवसाय सञ्चाल गर्न मार्गदर्शन सहित अभिलेखित प्रक्रियाहरू जसले व्यवसायीहरूलाई प्रतिकार्य, पुनर्लाभ, सुचारु र पुनर्स्थापना गर्न मद्दत गर्दछ। |

*स्रोत: ISO २२३०१: २०१२*

"व्यवसाय" शब्दको प्रयोगको आशय यो होइन कि व्यवसाय निरन्तरताले व्यवसायीक रूपमा सञ्चालित संस्थाहरूलाई मात्र जनाउँछ, यसको निरन्तरता अभ्यासहरू अवलम्बन गरेर सार्वजनिक क्षेत्र, तेस्रो क्षेत्र जस्तै स्वयम्सेवी र गैर-नाफा मुखी संस्था वा प्रतिष्ठानहरूले पनि फाइदा लिन सक्छन्।

### व्यवसाय निरन्तरता मापदण्ड र निर्देशिका

गुणस्तर व्यवस्थापन र वातावरणीय व्यवस्थापनद्वारा शुरु गरिएको मार्ग पछ्याउँदै, व्यवसाय निरन्तरता व्यवस्थापन अब व्यवस्थापन प्रणाली मापदण्डहरूको परिवारको हिस्सा हो। २०१२ देखि स्तरीकरणको लागी अन्तर्राष्ट्रिय संस्था (ISO) द्वारा आवश्यकता मापदण्ड (ISO 22301) र छुट्टै मार्गदर्शन मापदण्ड (ISO 22313) जारी गरेको छ।

| | ISO स्तरहरू | स्थापना | नवीनतम संस्करण |
|---|---|---|---|
| गुणस्तर व्यवस्थापन | ISO 9001 | १९८७ | २०१५ |
| वातावरणीय व्यवस्थापन | ISO 14001 | १९९६ | २०१५ |
| सुचना सुरक्षा व्यवस्थापन | ISO 27001 | २००५ | २०१३ |
| जोखिम व्यवस्थापन | ISO 31000 | २००९ | २००९ |
| बिसिएम | ISO 22301 | २०१२ | २०१२ |

व्यवस्थापन प्रणाली मापदण्डहरू, जस्तै ISO 22301 ले, विशिष्ट विषय क्षेत्र वा अनुशासनको लागि अनुमोदित प्रक्रिया, सिद्धान्तहरू, शब्दावली प्रदान गर्दछ। अन्य ISO व्यवस्थापन मापदण्डहरू जस्तै गरी, आजकल बिसिएमले व्यवसायको व्यवसायीक शासन विधि सुधार गर्नेछ भन्ने बुझिन्छ, जसले अन्तत्वगत्व संगठनात्मक उत्थानशिलता योगदान गर्दछ।

यी मापदण्डहरूले मान्यता प्राप्त मानकीकरण निकायद्वारा अनुमोदित प्राविधिक विशिष्टता प्रदान गर्दछ र जुन प्रक्रियाको दोहोर्याएर वा निरन्तर प्रयोगले व्यवसायलाई मापन गर्न सकिन्छ।

मध्यम र ठूला स्तरका संस्थाहरूले ISO 22301 लाई अपनाएका छन् भने साना व्यवसायहरूले यसलाई अपनाउनका केही "अन्तर" रहेको छ। साना व्यवसायीक उद्यमहरूले ISO 22301 अपनाउन असक्षम हुन सक्छन् र उनीहरूलाई सरल वैकल्पिक सहायता सामग्रीको आवश्यकता रहन्छ।

## २.२ व्यवसाय निरन्तरता व्यवस्थापन (BCM) का चरणहरू

यो तालिम मोड्युल २०१३ मा एसिया-प्रशान्त आर्थिक सहयोग (APEC) साना तथा मझौला उद्यमी कार्य समूह (SMEWG) द्वारा प्रकाशित साना तथा मझौला उद्यम (MSMEs) व्यवसाय निरन्तरता योजना मार्गनिर्देशनमा आधारित छ। यस मोड्युल तयारी क्रममा ADPC iPrepare कार्यमा निजी क्षेत्र लगायतका लघु, साना र मझौला उद्यमीहरू (MSME), सरोकारका सरकारी निकायहरू तथा विकास साझेदारहरू सँग एसिया-प्रशान्त क्षेत्र र बाहिर विपद् जोखिम न्यूनीकरण र जलवायु

परिवर्तन सम्बन्धी मुद्दाहरूमा काम गर्दाका अनुभवलाई चित्रण गरिएको छ।

व्यवसाय निरन्तरता व्यवस्थापन अभ्यासलाई साना र मझौला उद्यमीहरू (**MSMEs)** को लागि अझै सहज बुझाइ र कार्यान्वयनयोग्य बनाउनको लागि, **APEC "SME** व्यवसाय निरन्तरता योजना मार्गनिर्देशन" का १० चरणहरूलाई यस मोड्युलमा ४ चरणहरूमा एकीतृत गरेर सरलीकृत र अनुकूलित गरिएको छ।

| साना तथा मझौला उद्यमहरूको व्यापार निरन्तरता योजना मा APEC मार्गनिर्देशन | APEC प्रशिक्षण मोड्युलमा |
|---|---|
| १. बिसिपी उद्देश्य, दायरा, र टोली निर्धारण गर्ने | **१. बिसिएम पृष्ठभूमि र फ्रेमवर्क** |
| २. प्राथमिकता प्राप्त गतिविधिहरू (PA) र पुनःलाभ समयको उद्देश्य (RTO) | **२. व्यवसाय विश्लेषण भाग)१ व्यवसाय प्रभाव विश्लेषण(** |
| ३. तपाईलाई मुख्य गतिविधिहरू पुनसुरु गर्न के : चाहिन्छ | |
| ४. जोखिम मूल्याङ्कनतपाईँको विपद-् परिदृश्यहरू जान्नुहोस | **३. व्यवसाय विश्लेषण (जोखिम मूल्याङ्कन भाग २)** |
| ५. विपद् पूर्व संरक्षण र न्युनिकरणलाई नबिर्सने | **४. व्यवसाय निरन्तरता रणनीति** |
| ६. विपदको लागि आपत्कालिन प्रतिकार्य | |
| ७. शीघ्र पुन :सुचारु गर्न व्यवसाय निरन्तरता रणनीतिहरू | |
| ८. वित्तीय रूपमा तयार हुने | |
| ९. अभ्यासले तपाईंको योजनालाई कार्यात्मक बनाउँछ | **४ .अभ्यास र समीक्षा, योजना - काम - जाँच - कार्यान्वयन )PDCA) चक्र** |
| १०. निरन्तर समीक्षा र सुधार | |




प्रत्येक चरणमा, फारम वा टेम्प्लेटहरू उपलब्ध गराइ साना र मझौला उद्यमीहरूलाई उनीहरूको बिसिएमको तयारीमा थप मद्दत पुर्याएको छ।

## चरण १. व्यवसाय निरन्तरता व्यवस्थापनको पृष्ठभूमि र फ्रेमवर्क

व्यवसाय निरन्तरता व्यवस्थापनको तयारीमा पहिलो कदम भनेको निम्न विषयहरूलाई परिभाषित गरी एउटा कार्यढाँचा विकास गर्नु हो:

- व्यवसाय निरन्तरता व्यवस्थापनको उद्देश्य
- व्यवसाय निरन्तरता व्यवस्थापनको दायरा
- व्यवसाय निरन्तरता व्यवस्थापनको टोली (धेरै कर्मचारीहरू भएमा लागू हुन्छ)

### उद्देश्य

संस्थाले किन व्यवसाय निरन्तरता पहल सुरु गर्दैछ?

स्पष्ट उद्देश्य तयारी गर्दा व्यवसाय निरन्तरता व्यवस्थापन प्रति संगठनात्मक दृष्टिकोण तथा मूल्य र मान्यता र संस्थाले किन व्यवसाय निरन्तरता व्यवस्थापनको शुरूवात र सञ्चालन गर्न लागेको छ भन्ने कुरालाई परिभाषित गर्न धेरै महत्त्वपूर्ण हुनेछ।

उद्देश्यहरू परिभाषित गर्न संस्थालाई निम्न तीन बुँदामा ध्यान राख्न सिफारिस गरीन्छ:

१. "नागरिकको सुरक्षा को लागी "
२. को सुरक्षाको लागि "व्यवसाय गतिविधि"
३. को सहयोगको लागि "स्थानीय समुदाय"

**उद्देश्यका उदाहरणहरू**

| **नागरिकका लागि** | **व्यवसाय गतिविधि का लागि** |
|---|---|
| कर्मचारी र आगन्तुकहरूलाई शारीरिक हानिबाट जोगाउने | व्यवसायको सुरक्षा गर्दै, ग्राहक र प्रयोगकर्ताहरूलाई |
| कर्मचारीहरुको रोजगारी र जीविकोपार्जनको सुरक्षा गर्ने | अनुबंधात्मक दायित्वहरू पूरा गर्ने |
| **समुदाय का लागि** | व्यवसायको छवि वा प्रतिष्ठाको संरक्षण |
| कर्पोरेट सामाजिक उत्तरदायित्व बैठक | प्रतिस्पर्धात्मक लाभ र अधिक व्यवसाय प्राप्त गर्ने |
| स्थानीय समाज र अर्थतन्त्रको पुनरुत्थानमा | कानूनी र नियामक अनुपालन |

यद्यपि यो संस्थाको आकार र क्षमता र व्यवसाय सञ्चालनको प्रवृतिमा निर्भर हुने हुँदा, साना र मझौला उद्यमहरूले विपद्को समयमा व्यवसायीक सामाजिक उत्तरदायित्व र उद्योग वा गैरउद्योग सम्बन्धित स्रोत र विशेषज्ञताको उपयोग गरेर - स्थानीय समुदायको प्रतिकार्य र पुनलाभम मा योगदान पुर्याउन सिफारिस गरिन्छ। यस बाहेक स्थानीय समुदायको समावेशिता सम्बन्धित APEC मार्गनिर्देशन लगायतका अन्य बिसिएम सम्बन्धी मार्गनिर्देशनहरू अवलम्बन गर्न पनि सिफारिस गरिएको छ।

**अभ्यास**

| तपाईंको संस्थाले किन व्यवसाय निरन्तरता पहल सुरु गर्दैछ? | |
|---|---|
| नागरिकको सुरक्षा गर्न | |
| व्यवसायीक गतिविधिहरु सुरक्षा गर्न | |
| स्थानीय समुदायलाई सहयोग गर्न | |

### व्यवसाय निरन्तरता व्यवस्थापनको दायरा

संस्थाको कुन कारखाना, कार्यालय वा विभागले बिसिएम लागू गर्नु पर्ला? साना तथा मझौला उद्यमहरूले समग्र उद्यमलाई वा तिनिहरूले निश्चित खण्ड वा गतिविधिहरूको दायरा भित्र बिसिएम सञ्चालन गर्न सक्छन् । उदाहरणका लागि, साना तथा मझौला उद्यमहरूले आफ्नो शीर्ष उत्पादनहरू उत्पादन गर्ने कारखाना वा सबैभन्दा धेरै सामान बिक्री गर्ने निकास स्थल वा गोदाम गर्न सक्छन्।

साना तथा मझौला उद्यमहरूले आफ्नो व्यवसायीक आवश्यकता वा परिवेशको आधारमा बिसिएमको दायरा निर्धारण गर्न सक्छन् । यसमा उद्यमको अस्तित्वको लागि धेरै महत्त्वपूर्ण हुने मूल वा अति आवश्यक खण्ड वा शाखाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छ जुन मार्फत शीघ्र पुनःलाभ भइ पुनःसुचारू रूपमा व्यवसाय सञ्चालन हुन्छ ।

| **तपाईंको संस्थाको कुन खण्ड वा भागले बिसिएमको परिचय गराउनेछ?** |
|---|
| **प्लान्ट, कार्यालय वा विभाग** |

## व्यवसाय निरन्तरता व्यवस्थापन टोली

तपाईंको उद्यममा बिसिएम को लागी जिम्मेवार को हो? धेरै कर्मचारीहरू भएका साना तथा मझौला उद्यमहरूले बिसिएम गतिविधिहरू पहल गर्न एक जना बिसिएम टोली नेताको नियुक्त गर्न आवश्यक छ। बिसिएम टोली नेतालाई अधिकार र जिम्मेवारी दिनुपर्छ, जसबाट उनीहरूलाई भूमिका पूरा गर्न सहायक हुन्छ । विपद्को समयमा नेताले चोटपटक वा अन्य कारण आफ्नो अनुपस्थिति वा जिम्मेवारी पूरा गर्न असमर्थ हुनसक्ने भएको हुँदा बिसिएम उप नेता नियुक्त गर्न-पनि महत्त्वपूर्ण हुन्छ।

व्यवसाय निरन्तरता व्यवस्थापन नेता र उप नेता-लगायत, बिसिएम टोलीमा उद्यम भित्रबाटै सामान्यतया सचिव वा संयोजक र विभागीय इकाई/सम्पर्क व्यक्तिहरू समावेश गरी टोलीलाई पूर्णता दिइनु पर्छ। उद्यमको आकारमा आधारित, बिसिएमको लागि आवश्यक कार्यहरू गर्न निम्न उपसमूहहरू गठन गरिनुपर्छ।-

१. **संकट व्यवस्थापन टोली**ः यस टोलीले व्यवसाय सञ्चालनलाई खतरा पुग्ने सक्ने विपद् र गैर- विपद्का घटनाहरू जस्तै) घोटाला वा अन्य (कुनै पनि संकट परिस्थितिहरूको सामना गर्नेछ ।

२. **क्षति मूल्याङ्कन टोली**ः टोलीले विपद्को समयमा क्षतिको मूल्याङ्कन वा सर्वेक्षण गर्नेछ।

३. **व्यवसाय पुनःलाभ टोली**ः यस टोलीले विपद् पछि पुनःलाभ कार्यको योजना र सञ्चालनको अगुवाइ गर्नेछ।

४. **व्यवसाय सहयोग टोली**ः यस टोलीले सहयोगी कार्य वा सेवाहरू प्रदान गर्नेछ र सामान्यतया मानव श्रोत, वित्त र सूचना प्रविधि शाखा वा विभागले यसको नेतृत्व गर्नेछ ।

५. **सञ्चार टोली**ः यस टोलीले आन्तरिक र बाह्य सञ्चारसंग सम्पर्क वा सम्झौता कायम गर्नेछ।

साना संस्थाहरूमा बिसिएम टोलीलाई यथार्थ परक कार्यान्वयनको लागि आकार र उप समिति संख्या घटाइ सरलीकृत गरिनु आवश्यक छ ।

व्यवसाय निरन्तरता व्यवस्थापन नेता र टोलीका सदस्यहरूलाई आफ्नो कर्तव्यहरू पूरा गर्नको लागि बजेट सहित आवश्यक स्रोतहरू उपलब्ध गाइएको छ भनी व्यवस्थापनले सुनिश्चित गर्न आवश्यक छ। भूमिका र जिम्मेवारीहरू स्पष्ट रूपमा परिभाषित र सञ्चार हुनुपर्छ। तसर्थ, साना तथा मझौला उद्यमका मालिक तथा व्यवस्थापनले बिसिएम गतिविधिहरूका लागी  आवश्यक प्रतिबद्धता प्रदर्शन गर्नुपर्छ। यस अर्थमा उनीहरूले बिसिएमका सन्दर्भमा कर्मचारीहरू सँग संवाद र कुराकानीको नेतृत्व गर्नुपर्छ।

| व्यवसाय निरन्तरता गतिविधि र यसका सदस्यहरूको नेताको रूपमा कसले के सेवा गर्नेछ? | | |
|---|---|---|
| **पद** | **खटाइएका कर्मचारी (नाम र सम्पर्क)** | **कर्तव्य जिम्मेवारी** |
| नेता | | |
| उप-नेता | | |
| सचिव/संयोजक | | |
| संकट व्यवस्थापन टोली | | |
| क्षति मूल्याङ्कन टोली | | |
| व्यवसाय **पुनला :भ** टोली | | |
| व्यवसाय समर्थन टोली | | |
| सञ्चार टोली | | |

## चरण २ व्यवसाय प्रभाव विश्लेषण (व्यवसाय विश्लेषणभाग १)

व्यवसाय प्रभाव विश्लेषण (BIA) को एक आवश्यक भाग हो। यसले व्यवसाय निरन्तरता व्यवस्थापनका सबै भाग तथा आयामलाइ समेटी यसको जगको तयार पार्ने कार्य गर्दछ। व्यवसाय प्रभाव विश्लेषणले संकट वा अवरोधका कारण संचालन र वित्तीय क्षेत्रमा पर्नसक्ने सम्भावित परिणामहरूको विश्लेषण गर्छ।

| शब्दावली | परिभाषा |
|---|---|
| व्यवसाय प्रभाव विश्लेषण | कुनै व्यवसायमा अवरोधले हुन सक्ने प्रभाव तथा गतिविधिहरूको विश्लेषण गर्ने प्रक्रिया हो |

स्रोत :ISO 2012 :22301

व्यवसाय प्रभाव विश्लेषणले जटिल तथा प्रमुख प्रक्रियाहरू, प्राथमिकताहरू, र विफलताको एकल बिन्दुहरू साथमा मुख्य निर्भरताहरू आन्तरिक र बाह्य दुवै र साना तथा मझौला उद्यम भित्र अवस्थित हुन सक्ने कुनै पनि अन्तर्निहित जोखिम र कमजोरीहरू पहिचान गर्न मद्दत गर्दछ।

व्यवसाय प्रभाव विश्लेषणमा तीन मुख्य गतिविधिहरू प्रदर्शित हुनु पर्छः

१. प्राथमिकताका गतिविधिहरू पहिचान गर्ने
२. पुनःलाभ समय सीमा निर्धारण गर्ने
३ .गतिविधिहरू पुनसुचारूः गर्न आवश्यक सूचीकृत संसाधनहरू

### १. प्राथमिकताका गतिविधिहरू पहिचान गर्ने

व्यवसाय प्रभाव विश्लेषणले प्राथमिकता प्राप्त गतिविधिहरू )सम्वेदनशिल, जरुरी, अत्यावश्यकप्राथमिकता-र गैर ( प्राप्त गतिविधिहरू )सम्वेदनशिल नभएको, जरुरी नभएको, अत्यावश्यक नभएको बीच (फरक देखाउने कार्य गर्छ। प्राथमिकताका गतिविधिहरू ती हुन् जसको अवरुद्धता अस्वीकार्य मानिन्छ।

तपाईंको कम्पनीको अति सम्वेदनशिल उत्पादन वा सेवा के हो? विपद् वा दुर्घटनाले व्यवसाय सञ्चालनमा बाधा पुर्याउँदा कुन उत्पादन वा सेवालाई पहिलो प्राथमिकतामा राखिनु पर्छ? कुन व्यवसायीक गतिविधिले उच्च बिक्री हुने उत्पादन गर्छ? तपाईंको कम्पनीको कुन पसल बढी बिक्री हुन्छ? यी अति सम्वेदनशिल रूपमा महत्त्वपूर्ण व्यावसायिक गतिविधिहरूलाई प्राथमिकता प्राप्त गतिविधिहरू भनिन्छ। साना तथा मझौला उद्यमहरूले आ-आफ्नो प्राथमिकता प्राप्त गतिविधिहरू पहिचान गर्नुपर्दछ।

| शब्दावली | परिभाषा |
|---|---|
| प्राथमिकताका गतिविधिहरू | घटना पछि प्रभाव न्युनिकरण गर्न प्राथमिकता दिनु पर्ने गतिविधिहरु।<br>यस समूह भित्र समावेश गतिविधिहरूलाइ परिभाषित गर्न प्रचलित सामान्य शब्दहरूः महत्वपूर्ण, जटिल, जरूरी, अत्यावश्यक र मुख्य |

स्रोत :ISO 2012 :22301

निम्न उल्लेखीत तीन चरणहरू प्रयोग गरेर व्यवसाय प्रभाव विश्लेषण गर्न सकिन्छः

१ .प्राथमिकताका गतिविधिहरू पहिचान गर्नुहोस्
२ .तलको पूर्वपरिभाषित मापदण्डको आधारमा-, प्रत्येक प्राथमिकताका गतिविधिहरूले अनुभव गर्न सक्ने अवरोधको प्रभावको स्तरलाई १-४ अङ्क प्रयोग गर्नुहोस्, र त्यसपछि औसत अङ्क निकाल्नु होस्।
३ .प्राथमिकताका गतिविधिहरूको महत्त्व(अङ्क भार) तुलना गर्नुहोस् र प्राथमिकताका गतिविधिहरूलाई प्राथमिकता दिनुहोस्।

**अभ्यास**

| प्राथमिकताका गतिविधिहरू (PA) | आर्थिक | | | गैर-आर्थिक | | औसत प्राप्तांक |
|---|---|---|---|---|---|---|
| | आय | व्यय | सेवा अवरुद्ध | कर्मचारी | **प्रतिष्ठा** | |
| | | | | | | |

**व्यवसाय प्रभाव विश्लेषणका लागि मापदण्ड:**

| **प्रभाव स्तर** | **आर्थिक** | | **गैर-आर्थिक** | | |
|---|---|---|---|---|---|
| | **आय** | **व्यय** | **सेवा अवरुद्ध** | **कर्मचारी** | **प्रतिष्ठा** |
| **कम** | २५%भन्दा कम घट्यो | २५%भन्दा कम बढेको | १घण्टा देखि १ दिन | कर्मचारीहरूले संस्था प्रति विश्वास गुमाउँछन् : न्यून। कार्यहरू अझै भइरहेका छन्। थोरै कर्मचारी आउने जाने भैरहन्छ। | बाह्य प्रतिष्ठामा न्यून असर हुन्छ। पुनर्लाभका लागि थोरै प्रयास र खर्च आवश्यक पर्छ। |
| **मध्यम** | २५-४९%ले घट्यो | २५-४९%ले बढेको | १दिन देखि १हप्ता, भवन वा कार्यस्थलमा क्षति | कर्मचारीहरूले संस्था प्रति विश्वास गुमाउँछन् : मध्यम। केही कर्मचारी अनुपस्थित। मध्यम रूपमा कर्मचारी आउने जाने हुन्छ। | बाह्य प्रतिष्ठामा मध्यम क्षति पुग्छ। पुनर्लाभ गर्न केही प्रयास र खर्च आवश्यक पर्छ। |
| **उल्लेखनीय** | ५०-७४% ले घट्यो | ५०-७४% ले बढेको | १हप्ता देखि १महिना भवन वा कार्यस्थलमा क्षति | कर्मचारीहरूले संस्था प्रति विश्वास गुमाउँछन् : उच्च। केही कर्मचारीहरूले छोड्छन्। उल्लेखनीय रूपमा कर्मचारी आउने जाने हुन्छ। | बाह्य प्रतिष्ठामा गम्भीर रूपमा क्षति पुग्छ। पुनः लाभ गर्न पर्याप्त प्रयास र खर्च आवश्यक पर्छ। |
| **गम्भीर** | ७५% भन्दा बढिले घट्यो | ७५% भन्दा बढि बढेको | १महिना भन्दा बढि भवन वा कार्यस्थलमा क्षति | कर्मचारीहरूले संस्था प्रति विश्वास गुमाउँछन् : गम्भीर। धेरैजसो कर्मचारीहरूले छोड्छन्। गम्भीर रूपमा कर्मचारी आउने जाने हुन्छ। | बाह्य प्रतिष्ठामा अपरिवर्तनीय रूपमा क्षति वा नष्ट हुन्छ। |

## पुनःलाभ समयसिमा मिलाउने

मानौं कि कुनै ठूलो अवरोधको घटना (जस्तै ठूलो भूकम्प) हुन्छ र यसले प्राथमिकताका गतिविधिहरूलाई असर गर्छ। यस अवस्थामा प्राथमिकताका गतिविधिहरूको अवरोध तपाईंको व्यवसायलाई कहिलेसम्म अस्वीकार्य हुनेछ? व्यवसाय निरन्तरता व्यवस्थापन सम्बन्धी शब्दावलीमा, यो अधिकतम अवरोध वहन अवधि (Maximum Tolerable Period of Disruption MTPD) भनिन्छ। अधिकतम अवरोध वहन अवधि भनेको प्रारम्भिक अवरोधबाट व्यवसाय संचालन हुन सक्ने अधिकतम समय हो। पुनर्लाभ र संचालनको लागि, साना तथा मझौला उद्यमले पुनर्लाभ समयको उद्देश्य (Recovery Time Objective RTO) निर्धारण गर्नुपर्छ। पुनर्लाभ समयको उद्देश्य भनेको प्रभावित प्राथमिकताका गतिविधिलाई पुनर्स्थापित गर्नको लागि स्वीकार्य समय हो।

लक्षित पुनर्लाभ समयको उद्देश्य (RTO), अधिकतम अवरोध वहन अवधि (MTPD) भन्दा छोटो हुनुपर्छ। अर्को अर्थमा, पुनर्लाभ समयको उद्देश्यको (RTO) अवधि उत्पादन वा सेवा प्रदान नगर्दा नसक्दा अथवा कार्य सञ्चालन गर्न नसक्दा उत्पन्न हुने अस्वीकार्य प्रतिकूल प्रभावहरूको समय भन्दा कम लाग्ने हुनुपर्छ।

यदि पुनर्लाभ समयको उद्देश्य (RTO) बढि भयो भने, व्यवसायलाई गम्भीर क्षति पुग्नेछ। यदि अधिकतम अवरोध वहन अवधि (MTPD) बढि भयो भने व्यवसाय पुनर्लाभ गर्न असक्षम हुनेछ।

| शब्दावली | परिभाषा |
|---|---|
| अधिकतम अवरोध वहन अवधि (MTPD) | • कुनै उत्पादन/सेवा प्रदान गर्न नसक्दा अस्वीकार्य हुनसक्ने प्रतिकूल प्रभावहरुको लागि लाग्ने समय।<br>• यसलाई अधिकतम स्वीकार्य आक्रोश (Maximum Acceptable Outage-MAO) पनि भनिन्छ। |
| पुन:लाभ समय उद्देश्य (RTO) | कुनै घटना पश्चयतको समय अवधि जस भित्र:<br>• उत्पादन वा सेवा पुनः सुचारु गर्नुपर्छ<br>• गतिविधि पुनः सुचारु गर्नुपर्छ<br>• स्रोतहरुको पुनः लाभ हुनुपर्छ |

स्रोत: *ISO* २२३०१;२०१२

**अभ्यास**

अघिल्लो अभ्यासमा सुची बद्ध प्रत्येक प्राथमिकताका गतिविधिहरूको लागि अधिकतम अवरोध वहन अवधि *(MTPD)* र पुन:लाभ समयको उद्देश्यको *(RTO)* (दिन, हप्ता वा महिनाको संख्यामा) अनुमान गर्नुहोस्।

| प्राथमिकताका गतिविधिहरू | अधिकतम अवरोध वहन अवधि *(MTPD)* | पुन:लाभ समय उद्देश्य *(RTO)* |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

गतिविधिहरू पुनः सुचारु गर्न आवश्यक संसाधनहरूको सूचीकरण:

प्राथमिकताका गतिविधिहरू विभिन्न भित्रि र बाहिरि स्रोतहरूले समर्थित छन्। जब यी गतिविधिहरू अवरोधित हुन्छन्, यिनी गतिविधिहरू लाई पुनः सुचारु गर्न आवश्यक हुन्छ र स्रोतहरू उपलब्ध र तयारी अवस्थामा हुनुपर्छ।

निम्न तिन शीर्षकमा आवश्यक स्रोतहरू समावेश गरिएका छन्:

१. **आन्तरिक स्रोतहरू;** भवन, उपकरण, औजार, मौजात, सामग्री, सूचना सञ्चार प्रणाली, दस्तावेज र मानव संसाधन आदि। यी स्रोतहरू सामान्यता संस्था वा संस्थाको अधीनमा हुन्छन्।

२. **बाहिरि स्रोतहरू** जटिल पूर्वाधारहरू जस्तै, बिजुली, ग्याँस, इन्धन, पानी, र ढल, सञ्चार सञ्जाल (फोन र इन्टरनेट) र यातायात सञ्जाल (सडक, रेलमार्ग, र बन्दरगाह)। यी स्रोतहरू सार्वजनिक निकायहरूद्वारा उपलब्ध गराइन्छ र सामान्यतया व्यवसायको नियन्त्रणमा हुँदैन।

३. **व्यवसाय साझेदारहरू:** व्यवसायका आपूर्तिकर्ताहरू मात्र होइन, तपाईंको ग्राहकहरू पनि हुन्।

**असफलताको एकल बिन्दु:** आपूर्ति श्रृंखलाहरू अभिन्न रूपमा गाँसिएर रहेको हुनाले, एउटै विपद्ले धेरै क्षेत्रहरूको आर्थिक गतिविधिहरूलाई असर गर्न सक्छ।

**घटना अध्ययन**

विश्वव्यपीकरण र क्षेत्रीय संघटनको साथ, विपद्को प्रभाव फैलिएको आपूर्ति श्रृंखलाहरूको माध्यमबाट धेरै देशहरूमा फैलिन सक्छ। २०११ को पूर्वी जापान भूकम्प तथा सुनामी र २०११ को थाइल्याण्ड बाढीले यसका उदाहरणका रूपमा स्पष्ट भएको छ।

पूर्वी जापानमा सन् २०११ को भूकम्प र सुनामीका कारण ६५६ साना तथा मझौला उद्यमहरू, जसमा १०,७५७ कर्मचारीहरूलाई रोजगारी दिएको थियो, एकैवर्ष भित्र तालाबन्दी भयो। ६५६ साना तथा मझौला उद्यमहरू मध्ये ७९(१२%), मात्र तोहोकु प्रभावित क्षेत्रमा अवस्थित थिए र बाँकी जापानभरी अवस्थित थिए। पछिल्लो समूहको तालाबन्दी हुनुको श्रेय आपूर्ति श्रृंखलाहरूको अवरुद्धताका कारण परेको अप्रत्यक्ष क्षति वा नोक्सान भएको मानिएको छ। २०११को थाइल्याण्ड बाढीले आपूर्ति श्रृंखला अवरुद्धता मार्फत थाइल्याण्ड बाहिर धेरै उद्यमहरूलाई पनि असर पर्यो।

**अभ्यास**

अवरोधित प्राथमिकताका गतिविधिहरू पुनः सुचारु गर्न आवश्यक पर्ने आन्तरिक र बाह्य स्रोतहरू तथा साझेदारहरूको सन्दर्भमा आवश्यक स्रोतहरू सूचीकृत गर्नुहोस्।

| प्राथमिकताका गतिविधिहरू | आवश्यक स्रोतहरू |
|---|---|
| १. | |
| २. | |
| ३. | |


## चरण २. व्यवसाय प्रभाव विश्लेषण व्यवसाय) विश्लेषणभाग २(

प्राथमिकताका गतिविधिहरू पहिचान गरिसकेपछि, साना तथा मझौला उद्यमहरूले जोखिम विश्लेषणको प्रक्रिया गर्नुपर्छ।

| शब्दावली | परिभाषा |
|---|---|
| जोखिम मूल्याङ्कन | जोखिम पहिचान, जोखिम विश्लेषण र जोखिम मूल्याङ्कनको समग्र प्रक्रिया |

स्रोत: *ISO 22301:2012*

निम्न तिन चरणहरू प्रयोग गरेर सरलीकृत जोखिम मूल्याङ्कन गर्न सकिन्छः




उद्यम सम्मुख भएका सबै जोखिमहरू पहिचान गर्नुहोस् (आन्तरिक र बाहिरि जोखिम जस्तै प्राकृतिक विपद्, प्राविधिक विपद्, र दुर्भावना पुर्ण विपद्)

प्रकोप हुने सम्भावना वा सम्भाव्यताको मूल्याङ्कन गर्नुहोस्

उद्यमको संकटासन्नता र सम्मुखताका आधारमा, प्रकोपको सम्भावित वा अपेक्षित प्रभाव मूल्याङ्कन गर्नुहोस्।

**अभ्यास**

सम्भाव्यता प्रकोपको पहिचान गर्ने

| प्राकृतिक प्रकोप | | | |
|---|---|---|---|
| प्रकोप | चासो छैन | न्यून चासो | उच्च चासो |
| भूकम्प | १ | २ | ३ |
| बाढी | १ | २ | ३ |
| बन डढेलो | १ | २ | ३ |
| खडेरी | १ | २ | ३ |
| हावा हुरि | १ | २ | ३ |
| हिम पहिरो | १ | २ | ३ |
| महामारी | १ | २ | ३ |
| प्रदूषण वा किट समक्रमण | १ | २ | ३ |
| (अन्य) | १ | २ | ३ |

| अन्य/मानव निर्मित प्रकोप | | | |
|---|---|---|---|
| प्रकोप | चासो छैन | न्यून चासो | उच्च चासो |
| यन्त्र वा उपकरण बिग्रिनु | १ | २ | ३ |
| कर्मचारीको हडताल | १ | २ | ३ |
| आगलागी | १ | २ | ३ |
| बिजुली सेवा अवरुद्ध | १ | २ | ३ |
| डाटा हानि वा क्षति | १ | २ | ३ |
| तोडफोड | १ | २ | ३ |
| खतरनाक तथा हानिकारक पदार्थ | १ | २ | ३ |
| राजनीतिक अस्थिरता | १ | २ | ३ |
| (अन्य) | १ | २ | ३ |

**जोखिमको लेखाजोखा र प्राथमिकता**

उच्च चिन्ताको रूपमा मानिने प्रकोपहरूको नाम ४.१ अन्तर्गत भर्नुहोस्

तलको १-५ मापन अनुसार, जोखिमको आधारमा प्रकोपको सम्भाव्यता (L) लेखाजोखा गर्नुहोस्

जोखिम विश्लेषणको वर्गीकरणका आधारमा प्रकोपको प्रभाव मूल्याङ्कन गर्नुहोस् र तल दिइएको तालिकामा प्रभावको (I) स्तर भर्नुहोस्

समग्र प्रभावको मूल्याङ्कन गर्न औसत अङ्क गणना गर्नुहोस् र तालिकामा जोखिम लेखाजोखा र प्राथमिकतामा औसत अङ्क भर्नुहोस्

सम्भाव्यता (L)लाई प्रभाव (I)ले गुणन गरि जोखिम अङ्क निकाल्नुहोस्

सम्भाव्यता र प्रभाव, म्याट्रिक्स को प्रयोग गरि जोखिमको स्तर पहिचान गर्नुहोस्।

| जोखिमको लेखाजोखा र प्राथमिकाता | | | | |
|---|---|---|---|---|
| प्रकोप | सम्भाव्यता (L) | प्रभाव (I) | जोखिम अङ्क (LxI) | जोखिमको स्तर (म्याट्रिक्स) |
| | | | | |
| | | | | |

**जोखिमको सम्भाव्य (L)**

| स्तर | अनुमानित सम्भाव्यताको आधारमा | ऐतिहासिक तथ्याङकमा आधारित |
|---|---|---|
| धेरै न्यून | असाधारण परिस्थितिमा मात्र हुनसक्छ | पछिल्लो २० वर्षमा भएको र केवल असाधारण परिस्थितिहरूमा हुन सक्छ |
| न्यून | हुने अपेक्षा गरिएको छैन | पछिल्लो १० वर्षमा एक पटक भएको छ र हुन सक्छ |
| मध्यम | कम्तीमा एक पटक हुन सक्छ | पछिल्लो ५ वर्षमा एक पटक भएको छ |
| उच्च | कम्तीमा एक पटक हुन सक्ने उच्च सम्भावना | पछिल्लो ५ वर्षमा २ पटक भएको छ |
| धेरै उच्च | कम्तीमा एक पटक हुने लगभग निश्चित छ | पछिल्लो ५ वर्षमा २ वा ३ पटक भएको छ |

**प्रभाव स्तरको (I) तालीका**

| प्रकोप | आर्थिक | आन्तरिक पूर्वाधार (सुविधा, प्रविधि र उपकरण, परिसर स्थान) | उपयोगिताहरू (पावर नेटवर्क दुरसंचार, पानी) | आन्तरिक मानवीय संसाधन (कर्मचारीहरू) | औसत अङ्क |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**जोखिम विश्लेषणका मापदण्ड**

| स्तर | आर्थिक | आन्तरिक पूर्वाधार (सुविधा, प्रविधि र उपकरण, परिसर स्थान) | उपयोगिताहरू (पावर नेटवर्क दुरसंचार, पानी) | आन्तरिक मानवीय संसाधन (कर्मचारीहरू) |
|---|---|---|---|---|
| १ धेरै न्यून | कुनै प्रभाव छैन वा धेरै न्यून प्रभाव | कुनै प्रभाव छैन | कुनै प्रभाव छैन /धेरै कम प्रभाव | कर्मचारीहरूलाई कुनै चोट वा असर छैन |
| २ न्यून | न्यून प्रभाव | सानातिना क्षति भए पनि आन्तरिक श्रोतहरुको उपयोग गरेर पुनः सुचारु गर्न सकिन्छ | धेरै कम प्रभाव | नगण्य चोट वा कर्मचारीहरूको सानो समूहलाई असर गर्छ |
| ३ मध्यम | मध्यम प्रभाव | मध्यम क्षति जसलाई छोटो अवधिमा पुनः सुचारु गर्न बाहिरि सहयोग चाहिन्छ | मध्यम प्रभाव | बहुसंख्यक कर्मचारिहरुमा व्यापक असर |
| ४ उच्च | उच्च प्रभाव | उच्च क्षति जसलाई मध्यम अवधिमा पुनः सुचारु गर्न बाहिरि सहयोग चाहिन्छ | उच्च प्रभाव | धेरै कर्मचारिहरुलाई चोटपटक लागेको वा क्षति भएको |
| ५ धेरै उच्च | धेरै उच्च प्रभाव | धेरै उच्च क्षति जसको लागि बाह्य सहायता र पूर्वाधारको प्रतिस्थापन आवश्यक पर्दछ | गम्भीर दीर्घकालीन प्रभाव | पर्याप्त सङख्यामा कर्मचारिहरु प्रभाभित हुन्छन (जस्तै, चोटपटक, क्षति र मनोबैज्ञानिक समस्याहरु) |

**सम्भाव्य र प्रभाव म्याट्रिक्स**

**सम्भाव्य र प्रभाव म्याट्रिक्स**

| सम्भाव्य | | | | | |
|---|---|---|---|---|---|
| 5 | M | M | H | H | VH |
| 4 | L | M | M | H | H |
| 3 | L | L | M | M | H |
| 2 | VL | L | L | M | M |
| 1 | VL | VL | L | L | M |
| | 1 | 2 | 3 | 4 | 5 |
| | | | प्रभाव | | |


| | |
|---|---|
| VH | धेरै उच्च |
| H | उच्च |
| M | मध्यम |
| L | न्युन |
| VL | धेरै न्युन |

## चरण ३. व्यवसाय निरन्तरता रणनीति (BCS)

यो चरण बिसिएम को मूल हो, अर्थात् उद्यमले उच्च सम्भावित सामना गर्ने विपद्को परिदृश्य विकास गर्ने जसमा, व्यवसाय सञ्चालनका अप्ठेरा/दुर्बल पक्ष पहिचान गरी र विपदका प्रभावहरू न्यूनीकरण गर्ने उपायहरूको खोजी गर्ने। व्यवसाय निरन्तरता रणनीति **(BCS)** कार्यान्वयन भनेको सञ्चालनको अवरोध पछि प्राथमिकताका गतिविधिहरूको पुनः लाभ समय उद्देश्य **(RTO)** हासिल गर्नु हो।

विपद् परिदृश्य चित्रण र संकटासन्न स्रोतहरूको पहिचान निम्न चरणहरू अनुसार अवलम्बन गरिने छ (तलको चित्रको सन्दर्भ लिनुहोस्):

१. व्यवसाय प्रभाव विश्लेषण र जोखिम लेखाजोखाको नतिजाका आधारमा, तपाईंले अनुभव गर्न सक्ने एउटा प्रकोप चयन गर्नुहोस् र एक प्राथमिकताका गतिविधिहरू (**PA**) को लागि आवश्यक सबै स्रोतहरू विचार गर्नुहोस्।
२. तपाईंको व्यवसाय प्रकोपको सम्मुख पर्दा प्रत्येक स्रोतमा हुने सम्भावित क्षतिको र साथै स्रोतहरू पुनर्स्थापना/प्रतिस्थापनको लागि अवधिको अनुमान गर्नुहोस्।
३. प्राथमिकताका गतिविधिहरू (**PA**) को लागि पहिले पहिचान गरिएको पुनःलाभ समय उद्देश्य **(RTO)** को रेखा कोर्नुहोस्।
४. ती स्रोतहरू पहिचान गर्नुहोस् जुन पुनर्लाभ समय उद्देश्य **(RTO)** भन्दा अधिक छ। यी स्रोतहरू तपाईंको बाधकको रूपमा हुनेछ, र यसैले प्राथमिकताका गतिविधिहरू (**PA**) को पुनः लाभ समय उद्देश्य **(RTO)** प्राप्त गर्नको लागि क्षतिहरू रोक्न वा न्यूनीकरण गर्न वा पुनस्थापन गर्न उपायहरू आवश्यक पर्दछ।
५. जटिल स्रोतहरू (जस्तै मानव संसाधन, भवन) को लागि, तपाईंले यसको पुनःलाभ समय उद्देश्य **(RTO)** को परवाह नगरी उपायहरू राख्ने बारे पनि विचार गर्न सक्नुहुन्छ।




*स्रोत एपिइसि* मार्गनिर्देशनका

यो सम्भावित रूपले घट्न सक्ने घटनाको परिकल्पनामा आधारित रहेको हुन्छ र त्यसै गरी थप यथार्थ परक विपद् परिदृश्य तयार पार्न, आफ्ना समुदायमा विपद्‌को ऐतिहासिक तथ्याङ्क सङ्कलन र समीक्षा गर्नु र तपाइको व्यवसायमा विपद्‌को प्रभाव साथै वरपरका क्षेत्रको जोखिमका जानकारी आवश्यक हुन्छ।

तपाईंको चासो वा सरोकारका प्रत्येक प्राथमिकताका गतिविधिहरू (PA) र प्रकोपहरूका छुट्टै फारम तयार पारिनु पर्छ । साना तथा मध्यम उद्यमीका लागि, पहिले एक वा दुई प्राथमिकताको प्रकोपबाट सुरु गरेपछि अरू प्रकोपहरूका लागि त्यही प्रक्रियालाई दोहोर्याउन सुझाव दिइन्छ।

**अभ्यास**

विपद् परिदृश्य र संकटासन्न स्रोतहरूको पहिचानको चित्रण

| **जोखिम १** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्राथमिकताको गतिविधि (१)** | | | | | | | | | | | | |
| अधिकतम अवरोध वहन अवधि (MTPD) र पुनर्लाभसमय उद्देश्य (RTO): | अधिकतम अवरोध वहन अवधि (MTPD): पुनर्लाभ समय उद्देश्य (RTO): | | | | | | | | | | | |
| आवश्यक स्रोतहरू | अनुमानित क्षति | अनुमानित पुनःलार्भ अवधि | | | | | | | | | | आवश्यक उपायहरू |
| | | अवधि (दिन) | दिन (रेखाचित्र अनुसार) | | | | | | | | | |
| | | | <१ दिन | १-२ दिन | ३-४ दिन | ५-६ दिन | ७-१० दिन | ११-१५ दिन | १६-२० दिन | २०-३० दिन | >३० दिन | |
| आन्तरिक स्रोतहरू | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| बाह्य स्रोतहरू | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| सरोकारवालाहरू | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

व्यवसाय निरन्तरता रणनीति को विकास गर्दा तल दिइएका तिन प्रकारका उपायहरूलाई ध्यानमा राख्नु पर्दछ। यी तीनै उपायहरू पुनः लाभ समय उद्देश्य **(RTO)** प्राप्तिका लागि महत्वपूर्ण र आवश्यक छन्।

१. **रोकथाम, अल्पीकरण र पूर्व-तयारी (अवरोधभन्दा पहिले)**
कुनै घटनाको क्षतिको रोकथाम र अल्पीकरण गर्ने र साथै आपत्कालिन प्रतिकार्यको तयारी, व्यवसाय निरन्तरता र पुनःलाभ ताकि प्राथमिकताका गतिविधिहरू **(PA)** लाई निरन्तरता दिन सकोस् अथवा रोकिएको पनि पुनः लाभ समय उद्देश्य **(RTO)** का आधारमा पुनः सुचारु होस्।

२. **आपत्कालिन प्रतिकार्य (अवरोधको समयमा)**
जोखिम हटाउने, मानिस र सम्पत्ति तथा व्यवसाय सञ्चालनको सुरक्षा गरेर स्थिति स्थिर बनाउने।

३. **निरन्तरता र पुनःलार्भ (अवरोधको समयमा र पछि)**
प्राथमिकताका गतिविधिहरू जारी राख्न वा पुनःसुचारु गर्न र त्यसपछि सामान्य सञ्चालनमा फर्कन रणनीतिक योजनाहरूको कार्यान्वयन गर्नुहोस्।

| शब्दावली | परिभाषा |
|---|---|
| **रोकथाम निवारण** | प्रकोप र सम्बन्धित विपद्हरूको प्रतिकूल प्रभावहरूबाट पूर्ण रूपमा सुरक्षित रहनु |
| **अल्पीकरण** | प्रकोप र सम्बन्धित विपद्हरूको प्रतिकूल प्रभावहरूको न्यूनीकरण वा सीमित गर्ने |
| **पूर्व-तयारी** | सम्भावित, आसन्न वा वर्तमान विपद्हरूको प्रभावकारी अनुमान, प्रतिकार्य, र पुनःलाभ गर्नका लागी सरकार, प्रतिकार्य तथा पुनःलाभ संस्थाहरू, समुदायहरू र व्यक्तिहरूले विकास गरेका ज्ञान र क्षमताहरू। |
| **आपत्कालिन प्रतिकार्य** | विपद्को समयमा जीवन बचाउन, स्वास्थ्य प्रभावहरू कम गर्न, सार्वजनिक सुरक्षा सुनिश्चित गर्न र प्रभावित मानिसहरूको आधारभूत निर्वाहका आवश्यकताहरू पूरा गर्न वा अन्य आपतकालीन सेवाहरूको प्रावधान। |
| **पुनःलाभ** | प्रकोपबाट प्रभावित समुदायहरूको यथा सम्भव सुधारका लागी जीविकोपार्जन र जीवनयापनको सुविधा, उपयुक्त भएमा पुनर्स्थापना र जोखिमका कारक तत्वहरु सहित विपद् जिखम न्यूनीकरण गर्ने प्रयासहरू |

स्रोतः *UNISDR* शब्दावली *(2009)*

## १. रोकथाम, अल्पीकरण र पूर्वतयारी (अवरोध भन्दा पहिले)

रोकथाम, अल्पीकरण र पूर्व-तयारी रणनीतिमा दुबै अल्पकालीन र मध्य/दीर्घकालीन उपायहरू समावेश हुनुपर्छ। जसमा जोखिमलाई तुरुन्तै सम्बोधन गर्ने उपायहरू,आपतकालीन प्रतिकार्य र पुनःलाभ सञ्चालनका लागि तयारीका साथै जोखिमका अन्तर्निहित कारण(हरू) लाई सम्बोधन गर्ने उपायहरू समावेश हुनुपर्छ।

मूलतः व्यवसाय रणनीति, नियमित सुविधा र उपकरण मर्मत र संगठनात्मक जोखिम व्यवस्थापन योजना/रणनीति र मानव संसाधन व्यवस्थापनको भागमा एकीकृत गरी जोखिम र प्रभाव कम गर्न सक्रिय रणनीति हुनुपर्छ। संस्थाले यसको वातावरणीय दिगोपना पहलहरूसँग पनि जोडाउन सक्छ।

| **रोकथाम, अल्पीकरण र पूर्व-तयारीका उदाहरण** |
|---|
| भूकम्प प्रतिरोधी लेखाजोखा सञ्चालन |
| भवनहरूको भूकम्पीय दृष्टिले सुदृढीकरण |
| उपकरण र फर्निचरको व्यवस्थित जडान |
| बाढी प्रतिरोधक उपायहरू महत्वपूर्ण उपकरण तथा सामान माथिल्लो तलामा सार्ने |
| चुहावट प्रतिरोधक उपायहरू पाइपमा चुहावट रोक्ने |
| आपत्कालिन विपद्को बेला कर्मचारीहरूको व्यवस्थित बसाइको सुनिश्चित गर्ने |
| विपद्को अवस्थामा काम गर्न वैकल्पिक स्थान निर्धारण गर्ने |
| संकटको समयमा वैकल्पिक यातायातका मार्गहरू तयार गर्ने |
| सक्षम कर्मचारीहरूलाई बहु-दक्ष बन्न तालिम योजनाहरू विकास गर्ने,ताकि उनीहरूले आवश्यकता अनुसार अन्य कर्मचारीहरू अनुपस्थित भएको बेला कार्य निरन्तर गर्न सकून्। |

### आपत्कालिन भण्डारण

घटना पश्चात् कर्मचारीहरू घर फर्कन नसक्ने अवस्था हुनसक्छ र यस्तो समयमा संस्थामै बस्ने अथवा आपत्कालिन आश्रयमा बस्नु पर्ने हुन सक्छ, त्यसैले कर्मचारीहरूलाई आवश्यक पर्ने वस्तुहरू तिन दिनसम्मको लागी पुग्ने गरी भण्डारण गर्न सिफारिस गरिन्छ। आपत्कालिन भण्डारण भित्र खाद्य, पानि, गैर खाद्य सामान (डसना, कम्बल अदी), चिकित्सा, सुरक्षा उपकरण र सूचना-सञ्चारका उपकरण। साथै प्रत्येक कर्मचारीले सजिलै बोक्न मिल्ने आपत्कालिन झोला (झटपट झोला) पनि व्यवस्थित गरिनु पर्दछ।

| उदाहरण | |
|---|---|
| मूल्यवान् तथ्याङ्कहरू जस्तै कर्मचारीको सम्पर्क, पासवर्ड, आपूर्तिकर्ता र साझेदारहरूको | सिट्ठी तथा टर्च<br>प्राथमिक उपचारको सामान |
| कार्यालय परिसर वा क्षेत्रको नक्सा | मोबाइल फोन र चार्जर |
| कर्मचारी पुस्तिका/आपत्कालिन प्रक्रिया वा प्रोटोकल | लेखन सामग्रीहरू |
| तयारी खाद्य पदार्थहरू | नगद र क्रेडिट कार्ड |

## २. आपत्कालिन प्रतिकार्य (अवरोधको समयमा)

आपत्कालिन प्रतिकार्यको पहिलो प्राथमिकता मानिसको ज्यान बचाउनु, सुरक्षा तथा उद्धार गर्नु हो। तल चित्रमा उल्लेख भए जस्तै, आपत्कालिन प्रतिकार्य सञ्चालनका लागि एक शृङ्खलाबद्ध रूपमा गतिविधिहरूको सञ्चालन हुनु आवश्यक छ।




*स्रोत:एडपिसि बिसिपि मार्गनिर्देशनका*

१. निकासि र उद्धार घटना हुँदा तुरुन्तै सुरु गर्नुपर्छ। आपत्कालिन सञ्चालन केन्द्र *(EOC)* संस्थामा एकीकृत आदेश अन्तर्गत समन्वयात्मक कदम चाल्न, जहाँ लागू हुन्छ, परिचालन गर्नुपर्छ।

२. यदि आपत्कालिन कार्य सञ्चालन केन्द्र *(EOC)* परिचालन गरिएको भए अथवा नभएमा वैकल्पिक व्यवस्था मार्फत, निम्न गतिविधिहरू सञ्चालन गरिनुपर्छ। साना तथा मझौला उद्यमहरूको लागि आपत्कालिन कार्य सञ्चालन केन्द्र *(EOC)* को काम सामान्यतया शीर्ष व्यवस्थापनको नेतृत्वबाट नै हुने गर्दछ ।

- **कर्मचारी सुरक्षा पुष्टि गर्नेः** कर्मचारीको सुरक्षा पुष्टि द्रुत र प्रभावकारी रूपमा सञ्चालन गर्न पूर्व-स्थापित सम्पर्क वृक्ष (कल-ट्री) हुन आवश्यक छ। सञ्चारका माध्यमहरू (जस्तै फोन कल, इमेल, इन्टरनेट बुलेटिन बोर्ड, सामाजिक सञ्जाल) मा पनि आवश्यक सम्पर्क बनाउनु महत्त्वपूर्ण हुन्छ किनकि यदि कोही फोन मार्फत सम्पर्क भइरहेका छैनन् भने, अन्य माध्यमबाट सम्पर्क गर्न सकिन्छ।


- **सुरक्षित आवागमन अवस्थाहरू पुष्टि गर्ने:** व्यवसायको वरपरको छिमेक र क्षेत्रमा क्षति र भीड भाडको लेखाजोखा गरेपछि, कर्मचारीहरूलाई घर जान दिनु सुरक्षित वा संस्थामा बस्न राम्रो भन्ने निर्णय गर्नु आवश्यक हुन्छ।
- **स्थिति स्थिर गर्ने र माध्यमिक क्षतिको रोकथाम:** यसमा द्वन्द्, आगलागी, हानिकारक पदार्थहरूको फैलावटको रोकथाम समावेश छ।
- **क्षति सर्वेक्षण:** सक्दो छिटो पुनःलाभ प्रक्रिया प्रारम्भ गर्न वा कुनै आवश्यक मर्मत सँभारको निर्णय गर्नको लागि तपाईंको व्यवसायको परिसर भित्र भएको क्षतिको अवस्थाको तत्काल लेखाजोखा गरिनुपर्छ ।
- **सम्पत्ति सुरक्षा:** क्षति सर्वेक्षणमा आधारित भएर, थप क्षतिहरू रोक्न तथा चोरी वा लुटपाटबाट सम्पत्ति सुरक्षित गर्न उपायहरू अपनाएर आफ्ना सुविधाहरू र उपकरणहरूको सुरक्षा र संरक्षण गर्नुपर्छ।
- **सूचना सङ्कलन तथा आदान प्रदान:** विभिन्न सञ्चार माध्यमहरूबाट विपद्को विवरण, सतर्कता र चेतावनीहरू र क्षेत्रलाई आवश्यक र उपयोगि तथा ट्राफिक अवस्था सहितको क्षति बारे जानकारीहरू सङ्कलन गर्न जरुरी हुन्छ। सबै सम्बन्धित सरोकारवालाहरू जस्तै आपूर्तिकर्ताहरू, ग्राहकहरू, सार्वजनिक निकायहरू र वित्तीय संस्थाहरूसँग सङ्कलित जानकारी आदान प्रदान गरेर सञ्चार कायम गर्न आवश्यक हुन्छ। व्यवसायहरूले साझेदार तथा सरोकारवालाहरूलाई निरन्तर क्षति र पुनःलाभ योजनाको स्थिति अद्यावधिक गर्न पनि उति नै महत्त्वपूर्ण छ।

कर्मचारीहरूले तपाईंको संस्थाको स्थानान्तरण वा निकासी प्रकृयालाइ बुझ्न तथा सही र सुरक्षित रूपमा अवलम्बन गर्न सक्षम भएको सुनिश्चित गर्नको लागि, संस्थामा एउटा सामान्य स्थानान्तरण वा निकासी योजना विकास गरी सबै कर्मचारीहरूलाइ जानकारी गर्नुपर्छ।

योजनाको लागि आवश्यक आधारभूत जानकारीहरू निम्न छन्।

| **स्थानान्तरण वा निकासी योजनाका आधारभूत जानकारीहरू** |
|---|
| निकासी बिन्दु (सामेल बिन्दु) |
| वैकल्पिक बिन्दु (सामेल बिन्दु) |
| सम्पर्क व्यक्ती (निकासि प्रक्रियाका लागि जिम्मेवार अधिकारि) |
| उद्धार र चिकित्सा हेरचाह को जिम्मेवार व्यक्ति |
| तोकिएको नजिकको अस्पताल/चिकित्सा सुविधा |

कर्मचारीहरूलाई बोकेर हिंड्न सहज हुने गरी कर्मचारी आपतकालीन कार्ड वा हाते पुस्तिका तयार गरी उपलब्ध गराउनु पनि उचित हुन्छ, जसमा आपतकालीन कार्यको संक्षिप्त सारांश (विपद्को प्रकार अनुसार), व्यक्तिगत जानकारी (नाम, रक्त समूह, दीर्घ रोग, घरका डाक्टर, कार्यालय वा घर नजिकको खाली स्थान र महत्त्वपूर्ण परिवारीक र कार्यालय सम्बन्धित सम्पर्कहरू जस्ता मुख्य तथा महत्वपूर्ण जानकारीहरू समावेश हुनुपर्छ।


कम्पनीको नाम: ____________

पोर्टेबल कार्ड


अनुरोध: यदि तपाईंले यो कार्ड फेला पार्नु भयो भने, कृपया तलको ठेगानामा सम्पर्क गर्नुहोस्।

स्थान: ____________

टेलिफोन: ____________ फ्याक्स: ____________

| आपतकालीन अवस्थामा कार्यहरू | |
|---|---|
| भूकम्प | [illegible] |
| समुन्द्री आँधी | [illegible] |
| आगलागी | [illegible] |

| व्यक्तिगत जानकारी | |
|---|---|
| नाम | |
| रक्त समूह | |
| पुरानो रोग/एलर्जी | |
| घरेलु चिकित्सक | |
| कार्यालयमा स्थानान्तरण स्थल | |
| घर नजिकै स्थानान्तरण क्षेत्र | |


| सम्पर्क (टेलीफोन नं., सेल फोन नं. सेल फोन लिखित सन्देश गर्ने) | |
|---|---|
| घरको टेलीफोन नं. | |
| परिवार (१) | कम्पनी/विद्यालयको नाम सेल फोन |
| परिवार (२) | कम्पनी/विद्यालयको नाम सेल फोन |
| परिवार (३) | कम्पनी/विद्यालयको नाम सेल फोन |
| [illegible] | [illegible] |
| अध्यक्ष | |
| व्यवस्थापक | |
| घरमा आपतकालीन नेटवर्कको सम्पर्क | |
| [illegible] | |
| महत्वपुर्ण ग्राहक (१) | |
| महत्वपुर्ण ग्राहक (२) | |
| महत्वपुर्ण ग्राहक (३) | |
| महत्वपुर्ण ग्राहक (४) | |
| विपद्को सन्देश डायल | १७१ |

*स्रोत द स्मल एन्ड मिडियम इन्टरप्राइज एजेन्सि, जापान*

## आपत्कालिन सञ्चालन केन्द्र (EOC)

आपत्कालिन कार्य सञ्चालन केन्द्र (EOC) लाई प्रभावकारी रूपमा कार्यन्वयन गराउनको लागि, आपत्कालिन कार्य सञ्चालन केन्द्र(EOC) को एक कार्यढाँचा तयार गरिनु पर्छ, जसमा निम्न ४ कार्यहरू गर्ने आपतकालीन अवस्था अघि नै सञ्चालनको लागी टोली/कर्मचारीहरू, परिचालनका सीमाहरू र आपत्कालिन कार्य सञ्चालन केन्द्र (EOC) बैठक स्थानहरू निर्धारण गर्न आवश्यक छ ।

१. **विश्लेषण तथा योजना:** सर्वेक्षणको विश्लेषण गरी, मर्मत तथा पुनःलाभ योजना तयार गर्ने।
२. **सूचना संङकलन:** क्षति सर्वेक्षण सञ्चालन सहित, विभिन्न स्रोतहरु (आन्तरिक र बाहिरि) बाट सुचना तथा जानकारि संकलन गर्ने।
३. **साइट सञ्चालनको व्यवस्थापन**
४. **जन सम्पर्क:** यस अन्तरगत बाहिरि सरोकारवालाहरुलाई संस्थाको अवस्थाबारे जानकारि गराउने।

<table>
<tr><th>सदस्यहरू</th><th colspan="2">भूमिका</th><th>नाम/ पद</th><th>फोन न.</th></tr>
<tr><td rowspan="6"></td><td colspan="2">टोली/कर्मचारीहरू</td><td></td><td></td></tr>
<tr><td colspan="2">१. विश्लेषण र योजना</td><td></td><td></td></tr>
<tr><td colspan="2">२. सूचना सङ्कलन</td><td></td><td></td></tr>
<tr><td colspan="2">३. साइट सञ्चालनको व्यवस्थापन (स्थिरता, उद्धार, चिकित्सा, कर्मचारीको सुरक्षा पुष्टि, सरसफाई, बन्दोबस्ती)</td><td></td><td></td></tr>
<tr><td colspan="2">४. सार्वजनिक सम्बन्ध</td><td></td><td></td></tr>
<tr><td colspan="2"></td><td></td><td></td></tr>
<tr><td>परिचालनका सीमा</td><td colspan="2"></td><td></td><td></td></tr>
<tr><td rowspan="4">आपत्कालिन कार्य सञ्चालन केन्द्र (EOC) बैठकस्थल (वैकल्पिक स्थानहरू सहित)</td><td>प्राथमिकताको क्रम</td><td>कार्यस्थल</td><td>ठेगाना</td><td>फोन न.</td></tr>
<tr><td>१.</td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td></td><td></td><td></td></tr>
</table>

## ३. निरन्तरता र पुनःलाभ (अवरोधको समयमा र पछि)

निरन्तरता र पुनःलार्भ रणनीतिहरूमा प्राथमिकताका गतिविधिहरूको पुनः सुचारु गर्ने अवस्था समावेश हुनु पर्छ जस्तै (१) क्षतिग्रस्त वा प्रभावित स्थानमा, (२) वैकल्पिक स्थानमा आन्तरिक वा बाहिरि सुविधा प्रयोग (३) वैकल्पिक विधिहरू, जस्तै कामदार प्रयोग गरेर, पुरानो उपकरण वा पुर्जा प्रयोग गरेर वा केहि काम बाहिरी श्रोत मार्फत पनि गर्ने गराउने।

| उदाहरण |
|---|
| बाहिरी सेवा प्रदायकहरूको गोदाम अस्थायीरूपमा प्रयोग गर्ने |
| बाढीको समय उत्पादनहरू ढुवानी गर्न सक्षम हुने गरी यातायातका साधनलाई परिमार्जन गर्ने |
| वैकल्पिक स्थानमा उत्पादन कार्यलाई स्थानान्तरण गर्ने |
| बहु-दक्षता भएका सक्षम कर्मचारीहरूलाई आवश्यकता अनुसार अन्य कार्यहरूको स्थानान्तरण गर्ने |
| हवाई यातायात प्रयोग गरी जटिल तथा अति आवश्यक सर-सामानहरू मुख्य कार्यालय मार्फत आयात गर्ने |
| अन्य शाखा/मुख्य कार्यालय मार्फत प्रतिस्थापन उत्पादनहरू व्यवस्थित गर्न ग्राहकहरूसँग कुराकानी गर्ने |
| यातायात पुनः व्यवस्थित गर्न ग्राहकहरूसँग समन्वय गर्ने |
| ग्राहकहरू तथा मुख्य सरोकारवालाहरूसँग नियमित रूपमा स्थिति अद्यावधिक गर्न सम्पर्क गर्ने |

**अभ्यास**

| जोखिम १ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **MTPD र RTO** | अधिकतम अवरोध वहन अवधि (MTPD) : | | | | पुनर्लाभ समय उद्देश्य (RTO) : | | |
| आवश्यक स्रोतहरु | रणनीति रूपरेखा | | | | | | |
| | रोकथाम र अल्पीकरण | | आपत्कालिन प्रतिकार्य | पुनर्लाभ | जिम्मेवार व्यक्ति/विभाग | आवश्यक बाह्य साझेदार | |
| | अल्पकालीन | दीर्घकालीन | | | | | |
| आन्तरिक स्रोतहरू | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| बाह्य स्रोतहरू | | | | | | | |
| बिजुली | | | | | | | |
| पानी | | | | | | | |
| ग्याँस | | | | | | | |
| इन्टरनेट सेवा | | | | | | | |
| | | | | | | | |
| टेलिफोन सेवा | | | | | | | |
| | | | | | | | |
| सरोकारवालाहरू | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## आर्थिक रूपमा तयार रहने

जब विपद्को घटना घट्दछ, व्यवसायको खर्च र राजस्वमा पनि प्रभाव पर्छ। विभिन्न कारणले व्यवसायको उत्पादनहरू बिक्री नहुँदा आम्दानी घट्छ, र सामान्य खर्च जस्तै कर्मचारीको तलव, भाडा र राहत तथा पुन लाभको लागि आवश्यक पर्ने खर्च र सम्झौता अनुसारका आपूर्तिहरू पूरा गर्न नसकेमा ग्राहकलाई दण्ड जरिबाना तिर्नु पर्दा खर्च बढ्छ। व्यवसायीकी घाटा कम गर्नको लागि, व्यवसाय निरन्तरता उपायहरू अवलम्बन गरी राजस्वलाई स्थिर राख्नु आवश्यक छ। तसर्थ, विविध वित्तीय जुक्तिहरू र त्यसमा पहुँच हासिल गर्ने तरिका जान्न र व्यवसायीक अवरोधसँग राम्रोसँग सामना गर्न वित्तीय रणनीतिहरू तयार गरी अवलम्बन गर्नु महत्त्वपूर्ण हुन्छ।

वित्तीय उपायहरूका निम्न उदाहरणहरू उल्लेख गरिएका छन् जसबाट व्यवसायले पुनःलाभ योजना बनाउन वा पहुँच पुर्याउन सक्ने छन्। माथिका तीनवटा उपायहरू विपद् पूर्व व्यवसायले तयार गर्न सक्छन् जबकी बाँकी दुई उपायहरू स्थानीय अधिकारी, सरकारी निकाय वा वित्तीय संस्थाहरूले प्रकोप पश्च्यात उपलब्ध गराउने सामान्य उपायहरू हुन्।

| मौद्रिक प्रोत्साहन | विवरण |
|---|---|
| बचत | पुनःलाभ खर्च र व्यवसाय पुनःलाभ हुनु अगावै हुने वा भएका आय-नोक्सानलाइ कमी गर्न उपयोग गरिने कार्यशील पूँजी |
| आकस्मिक कोष | कुनै विपद् वा अन्य जस्ता अप्रत्याशित घटनाको बेला विशेष रूपमा प्रयोग गरिने आरक्षित कोष |
| बीमा | विभिन्न प्रकारका उत्पादनहरू जसले जोखिम साकार हुँदाको नोकसानीलाई राहत पुर्याउँछ।<br>जस्तै सम्पत्ति बीमा, विनाशकारी लघु बीमा, कृषि लघु बीमा आदि |
| विपद् पश्चात् आर्थिक सहायता | विपद्बाट प्रभावित व्यक्ति र व्यवसायहरूलाई तत्काल पीडा कम गर्न र पुनःस्थापना र पुनर्निर्माणमा सहजीकरण गर्न सहयोगको व्यवस्था। जस्तै कर कटौती/छुट, लचिलो ऋण/अनुदान, आदि। |
| पुनः भुक्तानी छुट्टि/ आममाफी | विपद्बाट अवरुद्ध भएका व्यवसायहरूलाई प्रदान गरिने अनुग्रहको अवधि जुन अवधिमा उनीहरूले अस्थायी रूपमा ऋण तिर्न र भुक्तानी गर्न रोक्न सक्छन्। |

विपद् आउनु अघि विपद् जोखिम व्यवस्थापन गतिविधिहरूमा लगानी गर्न तपाईंले फाइदा लिन सक्ने वित्तीय उपायहरू पनि छन्।

| मौद्रिक प्रोत्साहन | विवरण |
|---|---|
| व्यवसाय करहरू | उत्थानशिल घरहरूको निर्माण र विपद् जोखिम व्यवस्थापन (DRM) का लागि लगानी गर्ने व्यवसायहरूलाई कर क्रेडिट, कटौती र छुट दिने। |
| अनुदानहरू | विपद् पूर्वतयारी अभ्यासहरू(जस्तै, निकासी प्रक्रियाहरूमा शिक्षा र तालिम), र विपद् जोखिम न्यूनीकरण प्रणालीहरूको प्रयोग(जस्तै पूर्व सूचना प्रणाली, निकासी मार्गहरूको मर्मत र सवारी साधन, चिन्ह र आश्रय स्थलहरूको प्रावधान) को प्रयोगलाई बढावा दिने। |
| लचिलो ऋण | विपद् जोखिम व्यवस्थापन प्रणाली वा उपकरणहरूको लागि वित्तीय व्यवस्था, उत्थानशिल कार्यक्रमहरू र अभ्यासहरूलाई व्यवसायहरूमा एकीकृत गर्न कम ब्याज ऋणहरूमा पहुँच प्रदान गर्ने। |

**समुदायलाई समर्थन**

कुनै व्यवसाय यदि कुनै समुदाय भित्र वा छेउमा अवस्थित छ भने, त्यस व्यवसायले सम्भव भएसम्म विपद् व्यापक रूपले समुदायका विपद् जोखिमलाई सम्बोधन गर्न सहयोग गर्नु पर्छ भन्ने सिफारिस गरिन्छ। यहाँ केहि गतिविधिहरू उदाहरणको रूपमा उल्लेख गरिएकाछन् जुन व्यवसायहरूले विपद् अघि, समयमा वा पश्च्यात सम्बोधन गरी समुदायलाई सहयोग गर्न सक्छ।

**विपद् जोखिम व्यवस्थापनका उदाहरणहरू**

**विपद् पूर्व**

- स्थानीय स्वयंसेवक तथा विपद् जोखिममा संलग्न संघ संस्थाहरूलाई ज्ञान र जनशक्ति, कोष आदि उपलब्ध गराइ प्रवर्द्धनमा सहयोग गर्ने
- स्थानीय समुदायको समन्वय र सहभागितामा अग्नि नियन्त्रक अभ्यास तयार तथा कार्यान्वयन गर्ने
- व्यवसायी सामाजिक उत्तरदायित्व/वातावरणीय दिगोपन कार्यक्रम तयार र कार्यान्वयन गर्ने वा सहयोग गर्न

**विपद्को समयमा**

- संकटासन्न समूह वा व्यक्ती पहिचान गरी सहायताका लागी सूचीकृत गर्ने
- उद्धार/प्राथमिक उपचार/ अग्नि नियन्त्रणमा प्रारम्भिक सहयोग गर्ने
- खाना, पानी, आपतकालीन सामानहरू वा उत्पादनहरू वा आश्रयको सुविधाहरू प्रदान गर्नु सहयोग गर्ने

**विपद् पश्चात्**

- घर तथा भग्नावशेष सफा गर्न सहयोग गर्ने
- कर्मचारीहरूलाई स्वयम्सेवकको रूपमा दर्ता/काम गर्न प्रोत्साहित गर्ने

## चरण ४. अभ्यास र समीक्षा, योजना-कार्यान्वयन-समीक्षा-कार्य (PDCA) चक्र

बिसिपि (BCP)को प्रभावकारिता अभ्यासबाट मात्र प्रमाणित हुनसक्छ। बिसिपि लाई अपेक्षित ढङ्गबाट काम गरोस् भन्ने सुनिश्चित गर्न अभ्यास योजनाको आवश्यकता पर्छ। अभ्यास वा प्रयोग नगरिएको योजनालाई व्यवहारिक अथवा कार्य योग्य भन्न मिल्दैन किन की यसले सुरक्षाको गलत महसुस प्रदान गर्दछ र जब योजनालाई वास्तविकतामा प्रयोग गरिन्छ तब मात्र त्यस भित्रका त्रुटि समस्याहरू स्पष्ट हुनेछन्।

बिसिपि अभ्यासबाट संस्थालाई धेरै बहु-आयामिक फाइदाहरू हुन्छन्। यसले संस्थालाई घटनाबाट पुनः लाभ गर्ने क्षमताको अभ्यास गर्न, बिसिपिले सबै महत्वपूर्ण गतिविधिहरू समावेश गरेको प्रमाणित गर्न र सम्बोधनका लागी आवश्यक पर्ने कुनै पनि अनुमान वा आकलनहरू प्रकाशमा ल्याउन सक्षम बनाउँछ, बिसिपि कार्य योग्य छ भन्ने विश्वास जगाउन, बिसिपि प्रतिको सचेतना बढाउँछ, महत्वपूर्ण गतिविधिहरूको पुन:स्थापना प्रभावकारिता र समयावधि, प्रमाणित गर्न, र प्राथमिक प्रतिकार्य टोली र तिनिहरूका विकल्पहरूको क्षमता प्रदर्शन गर्दछ।

जब बिसिपिको अभ्यास वा परीक्षण गरिन्छ, तव योजना, प्रक्रिया, जनशक्ति तथा पूर्वाधारको पनि परीक्षण गर्न आवश्यक

छ। परीक्षणको मुख्य उद्देश्यहरू भनेको पुनःलाभ प्रकृयाहरू र प्रकृयागत विधिहरूको अभ्यास गर्नु, प्रकृयाहरू र सम्बन्धित दस्तावेजहरूसँग कर्मचारीहरूलाई परिचित गराउने, प्रकृयाहरू तथा दस्तावेजहरू कार्य योग्य छन् भन्ने प्रमाणीकरण गर्ने, पुनःलाभ उद्देश्यहरू प्राप्त गर्न सम्भव छन् भनेर स्थापित गर्ने र रणनीति तथा प्रक्रियाहरूमा आवश्यक सुधारहरू पहिचान गर्ने हो।

बिसिपिको अभ्यास विभिन्न तरिकामा गर्न सकिन्छ

| अभ्यासको प्रकार | विवरण |
|---|---|
| **१. अभिमुखीकरण/वाक-थ्रु** | अभिमुखीकरण/वाक-थ्रु परीक्षणहरूको सबैभन्दा आधारभूत प्रकार हो। यसको प्राथमिक उद्देश्य (महत्वपूर्ण) कर्मचारीहरूलाई बिसिएम सँग परिचित गराउन सुनिश्चित गर्नु हो।<br>जसका विशेषताहरू:<br>• सम्मेलन कक्ष वा सानो समूहमा बिसिएम/बिसिपि(**BCM/BCP**)को व्याख्या<br>• व्यक्तिगत र टोली प्रशिक्षण<br>• स्पष्टीकरण र योजनाका महत्वपूर्ण तत्वहरू माथि प्रकाश पार्नु । |
| **२. टेबलटप/मिनी-ड्रिल** | ट्याब्लेटप/मिनी-ड्रिल अभिमुखीकरण/वाक-थ्रु भन्दा फरक छ। यसमा सहभागीहरू बढी संलग्न हुन्छ किनभने सहभागीहरूले एउटा विशेष घटना वा परिदृश्य छनौट गर्छन् र यसमा बिसिपि प्रयोग गर्छन्।<br>यस बिधीमा:<br>• ज्ञान र सीपको प्रदर्शन, साथसाथै टोली भित्र अन्तरक्रिया र निर्णय गर्ने क्षमता<br>• कृतिम भूमिका निर्वाह गरी महत्त्वपूर्ण कदम तथा कार्य गर्न, अप्ठेराहरू पहिचान गर्न, र गैर-धम्कीपूर्ण वातावरणमा समस्याहरू समाधान गर्ने अभ्यास<br>• सबै वा केही संकट व्यवस्थापन/प्रतिकार्य टोलीलाई प्रभावकारी समन्वय गर्न परिचालन गर्ने अभ्यास |
| **३. कार्यात्मक परीक्षण** | कार्यात्मक परीक्षण भिन्न र पहिलो प्रकार परीक्षण हो जसमा बिसिपि मा उल्लिख भए अनुसारका संचार र समन्वय स्थापित गर्ने प्रयासमा कर्मचारीहरूको वास्तविक परिचालन हुन्छ।<br>जसमा निम्न समावेश छ:<br>• आपतकालीन व्यवस्थापनमा धेरै समूहहरूको अन्तरक्रियात्मक कार्यहरूको श्रृंखला अभ्यास जस्तै दिशा, नियन्त्रण, लेखाजोखा, सञ्चालन, र योजना गर्ने क्षमताहरूको प्रदर्शन।<br>• वास्तविक संचार क्षमताहरू प्रयोग गरेर वास्तविक वा कृतिम प्रतिकार्यको अभ्यास<br>• फरक भौगोलिक स्थानहरूमा कर्मचारी र स्रोतहरूको परिचालन<br>• योजनाको तथ्य र तर्कलाई सुदृढ पार्न वास्तविकता वा कृतिम विपरित, सूचना र स्रोत परिचालनको भिन्नता |
| **४. पूर्ण-स्तरको परीक्षण** | पुर्ण-स्तरको परीक्षण, सबैभन्दा बृहत प्रकारको परीक्षण हो।<br>जसमा निम्न समावेश छ:<br>• संकट प्रतिकार्य कार्यहरूको प्रमाणिकरण<br>• ज्ञान र सीपहरूको प्रदर्शन, साथै व्यवस्थापकिय प्रतिकार्य र निर्णय क्षमता<br>• घटनास्थलमा समन्वय र निर्णय लिने भूमिकाहरूको कार्यान्वयन<br>• वास्तविक र कृतिमको विपरित, सूचनाहरू, स्रोतहरूको परिचालन, र निर्णयहरूको सञ्चार<br>• वास्तविक स्थान वा सुविधाहरूमा सञ्चालन गरिएका प्रतिकार्य गतिविधिहरू<br>• उद्यम-व्यापी आन्तरिक र बाह्य व्यवस्थापन प्रतिकार्य टोलीहरूको सहभागिता र अन्तरक्रिया, बाह्य संस्थाहरूको पूर्ण संलग्नताको साथ ।<br>• सामान्यतया अभ्यासहरू लामो अवधिमा विस्तार हुँदा समस्याहरूलाई संकटको समयमा जस्तै पूर्ण रूपमा देखा परेको अनुभव दिन्छ र सबै संलग्न समूहहरूलाई यथार्थपरक भूमिका निर्वाह गर्न अवसर दिन्छ। |

सामान्यतया, यस प्रकारका अभ्यासहरूमा बिसिपि कार्यान्वयन गर्न संलग्न हुने कर्मचारीहरूको अधिकतम संख्यामा सहभागीता गराउन सल्लाह दिइन्छ। यस प्रकारको संलग्नता र सहभागिताले सबैको सचेतना, आत्मविश्वास र स्वामित्व बढाउँछ र

सफलतापुर्वक बिसिपि कार्यान्वयन प्राप्त गर्न सकिन्छ। अभ्यासको नतिजाको आधारमा बिसिपि लाई अद्यावधिक वा परिमार्जन गर्नुपर्छ। बिसिपि एउटा जीवन्त दस्तावेज हो, जसमा अभ्यासबाट सिकेका सिकाइहरूलाइ समावेश गर्दै लानुपर्छ।

| बिसिपि अभ्यास को महत्व |
|---|
| "यदि तपाईको व्यवसायमा आपतकालिन योजनालाइ दस्तावेजीकरण गरिएको छ तर परिक्षण गर्नु भएको छैन भने, तपाईको दस्तावेज पर्याप्त भन्दा कम छ भन्ने तपाईलाइ महसुस हुन्छ । यो महसुस गर्न वास्तविकमा दुई तरिकाहरू छन्, पहिलो कुनै वास्तविक विपद्को समयमा र दोस्रो नियमित अभ्यासको समयमा। यसमा पछिल्लो अवस्थाले सामान्यतया सरल सिकाइको अनुभव दिन्छ र निश्चित रूपमा धेरै कम तनावपूर्ण हुन्छ। |
| *(डिजास्टर रिकभरी जर्नल)* |


**अभ्यास**

बिसिपि अभ्यास योजना बनाउनुहोस र सो अभ्यासलाई बर्षिक, अर्ध बार्षिक अथवा आवश्यकता अनुसार सञ्चालन गर्न सकिन्छ।

| अभ्यास अनुसुचि | अभ्यासको किसिम र बिवरण | अभ्यासको उद्देश्य | अभ्यासका लागि आवश्यक स्रोतहरु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

यसबाहेक प्राथमिकताका गतिविधिहरू (PA) अधिकतम अवरोध वहन अवधि (MTPD) र पुनःलाभ समयको उद्देश्यको (RTO), व्यवसाय पुनर्लाभ रणनीतिको सन्दर्भमा योजनाहरू संस्थाको सन्दर्भमा दुरुस्त वा आवधिक वा क्रियाशिल छ-छैन भनी जाँच गर्न बिसिपिलाई आवधिक रूपमा समीक्षा गर्न आवश्यक छ।

अभ्यास र समीक्षाबाट प्राप्त सिकाइहरूलाई **योजना-कार्यान्वयन-समीक्षा-कार्य (PDCA) चक्र** अनुसार बिसिपिको थप सुधारको लागि उपयोग गरिनु पर्छ।



अस्वीकरण: यो पुस्तक एशियाली विपद पूर्वतयारी केन्द्र (ADPC) को व्यवशाय निरन्तरता व्यवस्थापन (BCM) प्रशिक्षण पाठ्यक्रमबाट अनुवादित गरीएको हो। यो पाठ्यक्रम ADPC को अनलाइन ठेगाना https://courses.adpc.net/courses/course-v1:ADPC+BCP-APP+2020/course/. मा उपलब्ध छ।